का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ असोज २०७९,

शनिबार

24 September 2022,

Saturday

मूल्य रु. ५/-


# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न


वर्ष २०, अंक २३१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com


# अराजकताको 'चक्रब्यूह'मा मुलुक

कानुन निर्माण गर्ने व्यवस्थापिका, सरकार सञ्चालन गर्ने कार्यपालिका र न्याय दिने न्यायपालिका नै विवादै विवादमा फसेका छन् ।



"राष्ट्रपति, प्रधानमन्त्री, उपराष्ट्रपति, सभामुख, प्रधानन्यायाधीशलाई नै दायित्वबाट बिमुख भएको आरोप लाग्नु गम्भीर विषय हो । राज्यको उच्च ओहोदामा रहेकाहरु प्रणालीबाट दीक्षित हुनुपर्छ । अन्यथा, समस्या सिर्जना हुन्छ ।

**कृष्ण खनाल**
राजनीतिक विश्लेषक



**कान्ति न्यौपाने/मध्यान्ह**
परासी, ६ असोज ।

राज्य सञ्चालनका लागि महत्वपूर्ण मानिने देशका तीनवटै अंगहरु यतिबेला बादविवाद र असफलताको भुमरीमा फसेका छन् । कानुन निर्माण गर्ने व्यवस्थापिक, सरकार सञ्चालन गर्ने कार्यपालिका र न्याय दिने न्यायपालिका नै विवादै विवादले भरिपूर्ण बनेका हुन् । हुनत, यतिबेला संसदको ५ वर्षे कार्यकाल सक्किएर सांसदहरुको बिदाई भईसकेको छ । तर पनि, प्रधान्यायधीश चोलेन्द्र शमशेर जबरा विरुद्धको महाअभियोग, नागरिकता बिधेयक जस्ता विषय यतिबेला विवादको चरम उत्कर्षमा छन् । प्रधानन्यायाधीश, राष्ट्रपति, सभामुख र उपसभामुख जस्ता विभिन्न अंगका प्रमुखका विरुद्धमा अदालतमा रिट दायर भएका छन् ।

यसले तीनवटै अंग असफलतातिर गएको संकेत गरेको राजनीतिक विश्लेषक डा. राजेश अहिराज बताउँछन् । 'हो अहिले तीनवटै अंगमा समस्या देखिएको छ, यसले अहिलेको व्यवस्था र प्रणाली सुधारको संकेत होईन, असफल हुने देखिएको छ,' उनले भने । देशका तीनवटै निकायमा द्वन्द्वको अवस्था आउनुको पछाडि सबैभन्दा ठूलो बहालवाला प्रधानमन्त्रीकै रहने उनको भनाई छ । 'प्रधानन्यायाधीश नै कहिले नजरबन्दमा हुन्छन् र प्रधानन्यायाधीश नै छन् कि छैनन् भन्ने अवस्था छ,अदालत हो कि पार्टीको कार्यकर्ता भर्ती गर्ने केन्द्र हो ?' उनले प्रश्न गरे ।

हुनत, यतिबेला देशको न्यायालयमा प्रधानन्यायाधीश को हो भन्ने प्रश्न छ । निलम्बित प्रधान्यायाधीश चोलेन्द्र शमशेर जबराले उनी विरुद्धको महाभियोग प्रक्रिया निष्कर्षमा पुग्न नसेकपछि सर्वोच्च अदालतमा जान खोज्दा सत्तागठबन्धनले उनलाई निवासबाट बाहिर निस्किन प्रतिबन्धन लगाएको र सुरक्षाकर्मी खोसेको विषय पनि चर्चामा छ ।

त्यस्तै, प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मिति घोषणा गरी समानुपातिकतर्फका उम्मेदवारको बन्दसूची निर्वाचन आयोगमा बुझाइसकेपछि – बाँकी पृष्ठ २ मा

# एमालेसँग नजिकियो लोसपा

चुनाव नजिकिँदै गर्दा नेकपा एमालेसँग चुनावी तालमेलका लागि वार्ता गर्न लोसपाले समिति नै बनाएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
परासी, ६ असोज ।



लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेकपा एमालेसँग नजिकिएको छ । चुनाव नजिकिँदै गर्दा नेकपा एमालेसँग चुनावी तालमेलका लागि वार्ता गर्न लोसपाले समिति नै बनाएको छ । राजेन्द्र महतोको नेतृत्वमा लोसपाले बनाएको समितिमा नेताहरु शरतसिंह भण्डारी, अनिलकुमार झा, सर्वेन्द्रनाथ शुक्ल, लक्ष्मणलाल कर्ण र जितेन्द्र सोनल सदस्य छन् ।

समितिलाई आसन्न प्रदेश र प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फ एमाले लगायतका विचार मिल्ने दलहरूसँग सहकार्यको निर्णय गर्ने गरी वार्ता गर्ने अधिकार दिइएको छ ।

पाँच वटा दल मिलेर गठबन्धन बनेपछि एक्लिएको एमालेले पनि मधेश प्रदेशमा लोसपासँग तालमेल गर्न चाहेपछि वार्ता समिति बनाइएको लोसपा नेताहरू बताउँछन् । लोसपा नेता जितेन्द्र सोनल निर्वाचनमा हारजित भन्दा पनि विचार र सिद्धान्त मिलेकाले एमालेसँग चुनावी तालमेलको प्रयास भएको बताउँछन् । उनी भन्छन्, 'अन्य दलभन्दा एमाले तालमेलका लागि लचिलो भएको पाएका छौं ।'

सत्ता गठबन्धनले मधेश र संघीयता विरोधी शक्ति भनेर आलोचना गर्न थालेपछि एमाले लोसपासँग नजिक पुगेको देखिन्छ । यसअघि २४ भदौ २०७९ मा एमालेका अध्यक्ष केपी शर्मा ओलीले लोसपा अध्यक्ष महन्थ ठाकुरसँग छलफल गरेका थिए ।



"अन्य दलभन्दा एमाले तालमेलका लागि लचिलो भएको पाएका छौं ।

■ **जितेन्द्र सोनल**
नेता, लोसपा

उनीहरूको एमाले र लोसपा तालमेलबारे कुरा गरेका थिए । मधेसमा लोसपाका मुख्य क्षेत्रीय प्रतिद्वन्द्वी जसपा हालको सत्ता गठबन्धनसँग चुनावी तालमेलमा छ । पार्टी अध्यक्ष उपेन्द्र यादव आफैं सिट बाँडफाँड निष्कर्षमा पुर्याउन सक्रिय छन् । यही बेला लोसपा एमालेसँग नजिकिएको हो ।

'अब त हामीलाई एमालेसँग सहकार्य गर्नुको विकल्प छैन,' लोसपाका एक नेताले भने, 'नत्र हामीले संघ र प्रदेश दुवैतिर गुमाउँछौं ।' ती नेताका अनुसार मधेस प्रदेशमा रहेका ३२ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये करिब १८ वटा लिनेगरी एमालेसँग सहमति बन्न सक्छ ।

एमालेले लोसपालाई केही सहयोग हुने गरी नै सहकार्यको प्रस्ताव गरेको जनाइएको छ । तर नेता लोसपा अध्यक्ष ठाकुरले भने तत्काल केही निर्णय दिएका छैनन् । तर सहकार्यका पक्षमा रहेको भन्दै उनले वार्ता समिति नै बनाएका – बाँकी पृष्ठ २ मा

# स्वतन्त्र शक्ति

स्थानीय चुनावपछि बदलिएको राजनीतिक शक्ति समीक्षामा स्वतन्त्र उम्मेदवारी दिने र त्यसप्रति रुचि राख्नेहरुले मुलुककै ध्यान तानेको मात्रै छैन, अलग शक्तिकै ठाउँ समेत लिएको देखिन्छ ।




**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ असोज ।

निर्वाचन आयोगले लौरो चुनाव चिन्ह स्वतन्त्रहरुको भएको भनेर प्रचार नगर्न निर्देशन दिएको छ । चुनावी तयारीमा जुटेको आयोगले एकपछि अर्को निर्देशन दिने क्रममा लौरो चिन्ह लिने उम्मेद्वार स्वतन्त्र नभएको प्रष्ट पारेको छ । आयोगले आफ्नो तथ्याङ्कमा दर्ता भएको सूचनाका आधारमा लौरो चिन्ह लिएर उम्मेद्वारी दिने व्यक्ति स्वतन्त्र नहुने भनेको हो ।

गएको स्थानीय चुनावमा स्वतन्त्र उम्मेद्वार हरुले यो चिन्ह लिएको थियो । काठमाडौं महानगर पालिका र धरान उपमहानगर पालिकाकामा यो चिन्ह लिएका उम्मेद्वारले चुनाव नै जिते । काठमाडौंमा बालेन्द्र शाह र धरानमा हर्क साम्पाङले यो चिन्ह लिएर मेयर जितेका थिए ।

त्यस लगत्तै हाम्रो नेपाली पार्टी नामक पार्टीले यो चिन्ह लिएर आयोगमा दल दर्ता गरेको छ । दल दर्ता भएपछि गैरदलीय भनेर गर्ने प्रचार गरिरहेका छन् । कतिसम्म भने लौरो चिन्ह भाडामा लिने प्रवृत्ति नै देखिएको छ । अनन्तराज घिमिरेले यो चिन्ह लिएर स्वतन्त्र उम्मेद्वारी दिन चाहनेहरुलाई लौरो दिने क्रम बढेको छ । तर उनीहरुले प्रचार भने स्वतन्त्र भनेर गरिरहेका छन् ।

स्थानीय चुनावमै पनि लौरो स्वतन्त्र उम्मेद्वारको थिएन । यो त निर्वाचन आयोगले दिएको विकल्प थियो । त्यही विकल्पमा पाएको चिन्हलाई लिएर अहिले स्वतन्त्र उम्मेद्वारीको प्रचार भइरहेको छ । त्यसैलाई रोक्न आयोगले स्वतन्त्रको प्रचार नगर्न निर्देशन दिएको छ ।

त्यसैदिन प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि स्वतन्त्र उम्मेद्वारबारे टिप्पणी गरेका थिए । युवा संघका इन्चार्ज – बाँकी पृष्ठ २ मा


# KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी: CARE FOR BUILDING AND CITIES CLEANING CONTRACTING CO WLL शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७९/०६/०७ चलानी नं.: ६०१८८२२८ LT. No.: 272533

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: KD | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | (INDOOR) CLEANERS / HELPERS | 100 | 80 | स. काममा दक्ष | 90 | ३७,५३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १५ देखि २९ गते सम्म (1 to 15 Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064

SHARON MANPOWER SERVICES PVT. LTD.

P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 01-4481505, 01-4481905, 01-4481957 | Mobile: 9805400002, 9803126395, 9851038901, 9841669457, 9818550053, 9810330880, 9801026390
शाखा कार्यालय तिलितोमा-०३, बुटवल, फोन नं. ०७१-४३८३१६, ९८४७०१३१३९


वैदेशिक रोजगार विशेष

# मलेसियामा कार्यरत नेपाली कामदारको हित मेरो उच्च प्राथमिकता : राजदूत पौडेल



**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ असोज

मलेसियाका लागि नवनियुक्त नेपाली राजदूत डिल्लीराज पौडेलले उक्त मुलुकमा कार्यरत नेपाली कामदारको हितलाई उच्च महत्व दिने बताएका छन् । कार्यभार सम्हाल्न शुक्रबार मलेसियाको राजधानी क्वालालम्पुर प्रस्थान गरेका राजदूत पौडेलले तलब, सेवा सुविधा, सीप विकास, आवास, उपयुक्त सूचनाको व्यवस्थालाई थप प्रभावकारी बनाउने बताए ।

उनले भने, 'श्रम स्वीकृतिको अवधि सकिएर कानूनी हैसियत गुमाई अलेखवद्ध भएका श्रमिकका समस्या सम्बोधनलाई समेत प्राथमिकता दिने छु ।' मलेसियाको श्रम बजारमा माग भएअनुसार उपयुक्त सीप तालिम लिई नेपाली कामदार गएमा तलब र सुविधामा वृद्धि हुने भएकाले त्यसतर्फ प्रयास गरिने उनले बताए ।

सन् २०१८ मा भएको श्रम सम्झौता कार्यान्वयनको पक्षलाई उच्च प्राथमिकता दिने भन्दै नवनियुक्त राजदूत पौडेलले दूतावासको सेवा – बाँकी पृष्ठ २ मा

## करोडपति कामदार !




**काठमाडौं/मस-** दुबईमा गुल्मीका ३१ वर्षीय भरत विकले चिठ्ठामार्फत जितेको करिब ३५ करोड रुपैयाँले उनको पारिवारिक स्थिति मात्रै नभई देशकै अर्थतन्त्रमा योगदान दिने देखिएको छ । यूएईमा महजुज शीर्ष पुरस्कार जित्ने भरत पहिलो प्रवासी नेपाली हुन् ।

कार धुने काम गर्दै आएका विकले गतहप्ता लक्की ड्रमा एक करोड दिराम करिब ३४ करोड ६३ लाख नेपाली रुपैयाँ जितेका छन् । उक्त रकम जित्न उनले विगत साढे दुई वर्षदेखि – बाँकी पृष्ठ २ मा


# नेपाल बैदेशिक रोजगार व्यवसायी संघको प्रेस विज्ञप्ती

यस संघको सदस्य संस्था **डाइमण्ड ओभरसिज सर्भिस प्रा.लि.**का सञ्चालक श्री **टंक बहादुर घिसिङ**को काठमाडौं, बुढानिलकण्ठ-१० स्थित घरमा मिति २०७९।०६।०५ गते राति ग्यास सिलिन्डर र ट्रेकिङमा प्रयोग हुने अक्सिजन सिलिण्डर बिस्फोट भै आगलागीको दुर्घटना हुँदा भएको जन, धनको अपुरणिय क्षेती प्रति यो संघ गम्भीर दु:खका साथ सहानुभुति व्यक्त गर्दछ ।

उक्त दुर्भाग्यपूर्ण र अकल्पनिय घटनामा ज्यान गुमाउनेहरू प्रति हार्दिक समवेदना व्यक्त गर्दै सो घटनाका परिवारजन प्रति सहानूभूति प्रकट गर्दछौं । विपत्तिको यस घडीमा संघका सदस्य श्री टंक बहादुर घिसिङ र पिडित परिवारजनलाई राहत तथा साहनुभुति स्वरूप नैतिक, आर्थिक र अन्य प्रकारबाट यथासक्य सहयोग गरी व्यवसायीक र पेशागत ऐक्यवद्धताका लागि सम्पूर्ण व्यवसायी सदस्यज्यूहरूमा हार्दिक अपिल गर्दछौं ।

**प्रेम बहादुर कटुवाल**
**सह-संयोजक**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

बतीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
८ असोज २०७९, शनिबार
24 September 2022, Saturday

# सत्ता गठबन्धनमा सिट बाँडफाँड पूर्णतः टुंगिन बाँकी




**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ असोज

पाँच दलीय सत्ता गठबन्धनका शीर्ष नेताहरू लगातार सिट बाँडफाँड मिलाउनमा केन्द्रित छन् । नेताहरूको शुक्रबार पनि बस्यो तर, पूर्णतः बाँडफाँड टुंगिन बाँकी नै रह्यो। नेताहरूका अनुसार बैठक शनिवार पनि बस्नेछ ।

शुक्रबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको बैठकमा प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलगायत गठबन्धन दलका शीर्ष नेताहरू र सिट बाँडफाँड कार्यदलका सदस्यहरू सहभागी थिए । नेताहरूका अनुसार प्रतिनिधितर्फ १६५ निर्वाचन क्षेत्रमध्ये १३० बढी क्षेत्रमा सहमति जुटेको छ। बाँकी क्षेत्रमा मिलाउनेक्रम जारी रहेको छ। प्रदेश सभातर्फ पनि सिट बाँडफाँटको प्रयास जारी छ ।

सत्तागठबन्धन दलले २० साउन २०७९ मै आगामी निर्वाचनमा चुनावी तालमेल गर्ने सहमति गरेका थिए। त्यही बेला कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाको संयोजकत्वमा ११ सदस्यीय कार्यदल बनाएर सिट बाँडफाँडको छलफल थालेका थिए । तर, अझै सिट बाँडफाँडबारे पूर्णतः टुंगिन बाँकी छ । गठबन्धनमा रहेका दलहरु प्रतिनिधिसभाका १६५ र प्रदेशसभाका ३३० वटै निर्वाचनमा गठबन्धन गर्ने प्रयासमा छन्।

# डा.केसीको स्वास्थ्य अवस्था थप जटिल बन्दै



काठमाडौं/मस-स्वास्थ्य क्षेत्रको सुधारका मागहरु राखेर विगत १२ दिनदेखि अनशनरत प्रा.डा गोविन्द केसीको स्वास्थ्य अवस्था थप बिग्रदै गएको छ । धनगढीमा अनशनरत डा.केसीलाई दिसामा रगत देखा परेको लगायतका समस्या उत्पन्न भएपछि थप उपचारका लागि त्रिवि शिक्षण अस्पतालको एनेक्स १ भवनको बेड नं ५०१ मा भर्ना गरिएको छ।

हरेक दिन बिराएर गरिएका प्रयोगशाला परीक्षणको रिपोर्ट अनुसार शरीरमा इलेक्ट्रोलाईटस्को मात्रा घट्दै गैरहेको त्रिवि शिक्षण अस्पताल महाराजगञ्जका सूचना अधिकारी तथा उपचार व्यवस्था समितिका सदस्यसचिव राम विक्रम अधिकारीले जानकारी दिए। इलेक्ट्रोलाईटस्को आपूर्तिका लागि डा.केसीले इन्कार गरिरहेका छन्। डा केसीले भदौ २७ मा धनगढीको लक्ष्मीनारायण मन्दिरको धर्मशालामा २० औं सत्याग्रह थालेका थिए।

देशभरका सरकारी अस्पतालमा बेडअनुसारको दरबन्दी व्यवस्था गर्नुपर्ने, जनसंख्या वृद्धिअनुसार अस्पताल/स्वास्थ्य संस्थाको स्तरवृद्धि गर्नुपर्ने, सरकारी अस्पतालमा टिकट, ल्याब, एक्सरेलगायत आधार भूत स्वास्थ्य सेवा निःशुल्क हुनुपर्ने, सरकारले तोकेको सूचीअनुसार सबै निःशुल्क औषधि उपलब्ध गराउनुपर्ने, मापदण्डविपरीत खुलेको निजी अस्पताल बन्द गराइनुपर्ने उनका माग छन् । यस्तै, २०८० सालसम्म सबै प्रदेशमा सरकारी मेडिकल कलेज स्थापना हुनुपर्ने, गेटा मेडिकल कलेज तत्काल सञ्चालन गरिनुपर्ने माग पनि उनले अघि सारेका छन् । स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी छाता ऐन, विश्वविद्यालय प्रतिष्ठानमा मापदण्ड विपरीतका नियुक्ति खारेजी, मापदण्डविपरीत नर्सिङ कलेजमा लिन लागिएको भर्ना रोक्नुपर्ने लगायत माग पनि उनले सरकारसँग राखेका छन्। यसैबीच आमरण अनशनरत डा.केसीको समर्थनमा बृहत् नागरिक आन्दोलनले आज प्रदर्शन गर्ने भएको छ । शनिबार मध्यान्ह १२ बजे माइतीघर मण्डलामा भेला भएर प्रदर्शन गर्न लागिएको विज्ञप्ति मार्फत जनाइएको छ।

आन्दोलनले डा.गोविन्द केसीको अनसनप्रति ऐक्यबद्धता पनि जनाएको छ। 'बृहत् नागरिक आन्दोलनको प्रष्ट माग छ, अब गरिने सहमति विगतको जस्तो प्रतिबद्धता जाहेर गरेर कार्यान्वय नगर्ने किसिमको सम्झौतामा नटुङ्गियोस्' विज्ञप्तिम भनिएको छ।

# अपाङ्गमैत्री नीति तथा कार्यक्रम बनाउँदै नारायण नगरपालिका

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, ७ असोज

नारायण नगरपालिका दैलेखका कार्यवाहक मेयर रेशम थापाले अपाङ्गता क्षेत्रमा ऐन नीति तथा कार्यक्रम बनाउँदै कार्यान्वयन गर्दै जाने बताएका छन् ।

नारायण नगरपालिका दैलेखमा भएको अपाङ्गता सम्बन्धी नीति, नियम र समावेशिताको सवालमा २ दिने कार्यशाला गोष्ठीमा अबको आवश्यकता अनुसार तुरुन्तै कार्यविधि बनाएर अघि बढ्ने कार्यवाहक मेयर थापाले बताए ।

अपाङ्गता भएका व्यक्तिको लागि आफूले कोभिडको महामारीदेखि राहत वितरण गर्दै आएको र स्थानीय सरकारबाट हुने सहयोग गर्न जहिले पनि प्रतिवद्ध रहेको बताए ।

एभरेष्ट क्लव दैलेखले संचालन गरिरहेको पावर परियोजनाले नारायण नगरपालिका दैलेखसँग समन्वय गरेर कार्यक्रम संचालन गरिएको परियोजना संयोजक भुपाल सिंह बोहोराले बताए ।




कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुका लागि वर्तमान ऐन नियम कानूनका बारेमा अभिमुखीकरण दिइएको उनले जानकारी दिए ।

यस्तै कार्यक्रममा बोल्दै एभरेष्ट क्लवका अध्यक्ष दिपक शाहीले अपाङ्गताका सवालमा स्थानीय स्तरमा नीति निर्माणदेखि अपाङ्गता मैत्री सेवा प्रदान गर्न सचेतना आवश्यक देखिएकोले नगरपालिकासँग समन्वय गरेर कार्यक्रम संचालन गरेको जानकारी दिए । एभरेष्ट क्लव दैलेखले संचालन गरिरहेको हरेक परियोजनाहरु मार्फत समावेशिताका सवालहरुलाई समेटिरहेको जानकारी दिँदै स्थानीय निकायहरुले तयार गर्ने वार्षिक बजेट योजनामा संविधानले व्यबस्था अनुसार समेट्नु पर्ने कुरामा जोड दिए ।

नारायण नगरपालिका दैलेखका प्रमुख प्रशासकीय अधिकृत भक्त बहादुर मल्लले नारायण नगरपालिकाले पावर परियोजनासँग साझेदारी गरी नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक संकलन गरेर प्रकाशनको चरणमा रहेकोले यस कार्यशालाबाट प्रोफाईललाई अन्तिम रुप दिन सहयोग गर्ने विश्वास व्यक्त गरे। साथै उनले नगरपालिकाको आगामी योजनाहरु तयार गर्दा संकलन गरिएको तथ्यांङ्कलाई आधार बनाएर समावेसी योजना बनाउने बताए ।

नारायण नगरपालिकाले पावर परियोजनाको प्राविधिक सहयोगमा संकलन गरेको अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क कार्यशालामा प्रस्तुत गरी प्रकाशनका लागि प्रकाशनको लागि तयारी गरिएको थियो ।

कार्यक्रम प्रशिक्षकको रुपमा राष्ट्रिय अपाङ्गता महासंघ लुम्बिनी प्रदेशका निवर्तमान अध्यक्ष देवीदत्त आचार्य तथा प्रशिक्षक गणेश प्रशाद पाण्डेले संचालन गरेका थिए। कार्यक्रम नारायण नगरपालिकाका ११ वटै वडाका वडा अध्यक्षहरु विभिन्न शाखाका शाखा प्रमुखहरु, सेभ द चिल्ड्रेन परियोजनाका संयोजन प्रेम पुन, अपाङ्गता संञ्जाल नारायण नगरपालिका अध्यक्ष जितबहादुर जिसी, पत्रकार लगायतको सहभागीता रहेको थियो । कार्यक्रममा नगरपालिकाबाट प्रदान गरिने हरेक सेवाहरुमा अपाङ्गता भएका व्यक्तिहरुलाई कसरी बढी भन्दा बढी समावेश गर्न सकिन्छ भन्ने विषयमा छलफल गरी योजना निर्माण गरिएको छ ।

# सुनवल नगरपालिकामा लागेको ताला खुल्यो

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, ७ असोज

सुनवल नगरपालिकाको शिक्षा शाखामा लागेको ताला खुलेको छ। लुम्बिनी माध्यामिक विद्यालयका शिक्षक रुकबहादुर बलालको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्दै अखिल (क्रान्तिकारी)ले विगत १५ दिन अगाडि लगाएको ताला शुक्रबार खुलेको हो ।

उनले शिक्षण पेशामा लाग्दा विद्यालयमा पेश गरेको कक्षा १०




को प्रमाणपत्र नक्कली रहेको भन्दै सामाजिक सञ्जालाहरुमा आएपछि आरोपित शिक्षकको प्रमाणपत्रको विषयमा सत्यतथ्य पत्ता लगाउन नगरपालिकाको शिक्षा समितिले छानविन गर्ने सहमति भएपछि ताला खुलाइएको हो । विद्यार्थी संगठनले उठान गरेका विषयमा सत्यतथ्य पत्ता लगाउन छानविन गर्ने सहमति भएपछि ताला खोलेको सुनवल नगरपालिकाका प्रमुख विमला अर्यालले बताइन् ।

# सहमतिबिना निर्वाचन क्षेत्र नछाड्न निर्वाचन अधिकृतलाई निर्देशन



**काठमाडौं/मस-** निर्वाचन आयोगले पूर्वसहमति बिना तोकिएको निर्वाचन क्षेत्र नछाड्न सबै निर्वाचन अधिकृतलाई निर्देशन दिएको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेपछि पूर्वसहमति बिना निर्वाचन क्षेत्र नछाड्न निर्वाचन अधिकृतलाई जानकारी गराउने निर्णय गरेको हो । आयोगले शुक्रबार प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन, २०७९ का लागि यही असोज १५ देखि २० गतेभित्र निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने निर्णय गरेको छ ।

आयोगले यही असोज ११ गतेदेखि लागू हुने गरी आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत नियुक्त गरिसकेको छ । आयोगले न्याय परिषद्को सिफारिसमा ७७ जिल्लाका जिल्ला न्यायाधीशलाई सोही जिल्लाको मुख्य निर्वाचन अधिकृत र न्याय सेवा आयोगको सिफारिसमा बाँकी ८८ निर्वाचन क्षेत्रमा नेपाल न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्त गरेको छ ।

# भारतको अनुदानमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको शिलान्यास

**काठमाडौं/मस-** भारत सरकारको अनुदान सहयोगमा काभ्रेपलाञ्चोकमा निर्माण हुने राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान परियोजनाको भूमि पूजा गरिएको छ । गृहमन्त्री बालकृष्ण खाँण र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले शुक्रबार काभ्रेपलाञ्चोकमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको निर्माणका लागि संयुक्त रुपमा भूमि पूजा गरेका हुन् ।

यस परियोजनाको शिलान्यास सन् २०१४ नोभेम्बरमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणका क्रममा तत्कालिन प्रधानमन्त्री सुशील कोइराला र मोदीले गरेका थिए । भारत सरकारको १० अर्ब रुपैयाँ अनुदानमा निर्माण हुने यो परियोजना भारत सरकारको सहयोगमा नेपालमा निर्माण भएका ठूला परियोजनाहरु मध्येकै एक हो। यस परियोजनाको कुल क्षेत्रफल करिब ८४ एकड रहकोमा क्याम्पस भवनको निर्माण १.१० लाख वर्गमिटरको क्षेत्रफल हुनेछ । स्थानीय वास्तुकला र आधुनिक प्रविधिको सम्मिश्रण गरि प्रतिष्ठानका भवनहरुको निर्माण गरिनेछ।

दिगो विकास मापदण्ड अनुरुप निर्माण हुने यो परियोजना वातावरण एवम् उर्जामैत्री हुनेछ । आधुनिक सेवा सुविधा सहित निर्माण हुने यस संरचनाले नेपाल प्रहरीलाई अत्याधुनिक प्रशिक्षण पूर्वाधार प्रदान गर्ने काठमाडौंस्थित भारतीय दूतावासले जनाएको छ ।

# रौतहट प्रहरीद्वारा जनचेतानमूलक कार्यक्रम



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ७ असोज

जिल्ला प्रहरीका कार्यालय रौतहटले जनचेतानमूलक कार्यक्रम सम्पन्न भएको छ।

जिल्लाको विभिन्न ठाउँमा 'समुदाय-प्रहरी साझेदारी' कार्यक्रम सञ्चालन गरेको हो । राजपुर नगरपालिकाको आयोजना र ईलाका प्रहरी कार्यालय राजपुर रौतहट सहयोगमा बुधबार राजपुर नगरपालिका वडा नं.३ को वडा कार्यालयमा जनचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको हो ।

वडा नम्बर ३ का अध्यक्ष शेख हसिन अख्तरको अध्यक्षतामा स्थानीय, बुद्धिजीवि, सामाजसेवी, महिला, पुरुषहरु लगायतको सहभागितामा महिला हिंसा न्यूनिकरण कार्यक्रम सम्पन्न भएको हो ।

यस्तै गौर नगरपालिका वडा नम्बर ४ को आयोजना र अस्थायी प्रहरी पोष्ट बसपार्कको सहयोगमा लैङ्गिक हिंसा सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ। यस्तै चन्द्रपुर नगरपालिका ५ देउरालीस्थित जनज्योति विद्यालयमा अध्ययनरत कक्षा ११ र कक्षा १२ का १५० जना विद्यार्थीहरुको सहभागितामा दुर्घटना न्यूनीकरण सम्बन्धी कार्यक्रम गरिएको हो । कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटको आयोजनामा ट्राफिक नियम तथा सवारी दुर्घटना न्यूनीकरण सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# नागरिकता विधेयकसम्बन्धी रिटको सुनुवाइ आइतबार

**काठमाडौं/मस-** सर्वोच्च अदालतमा 'नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९' को प्रमाणीकरण सम्बन्धमा परेको रिटको पेसी आइतबारलाई सरेको छ। सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलका अनुसार शुक्रबारका लागि तोकिएको पेसी समय अभावका कारणले हेर्न नभ्याइएपछि आइतबारलाई सारिएको हो । 'शुक्रबार धेरै मुद्दा भएको हुनाले रिटको सुनुवाइ हुन सकेन', उजले भजे, 'अब आइतबार रिटमाथिको सुनुवाइ हुनेछ।'

रिटको पेशी आइतबार न्यायधीश डा. मनोजकुमार शर्माको एकल इजलासमा परेको थियो। राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयकलाई प्रमाणीकरण नगरेपछि राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाई प्रमाणीकरणको माग गर्दै रिट दायर गरिएको हो। प्रवक्ता पौडेलका अनुसार नागरिकता विधेयक प्रमाणीकरणका लागि पाँच वटा रिट परेका छन्। रिटमा सङ्घीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा)ले दोस्रो पटक पारित गरेको नागरिकता विधेयकलाई राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था भए पनि नगरेर संविधानको उल्लङ्घन भएको जनाइएको छ।

संविधानको धारा ११३ को उपधारा (४) मा राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनःविचार गरी त्यस्तो विधेयक प्रस्तुतरूपमा वा संशोधनसहित पारित गरी पुनः पेश गरेमा त्यसरी पेश भएको १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ।

## अराजकताको ...

संसद अस्तित्वमा नरहने भन्दै सभामुख र उपसभामुख विरुद्ध मुद्धा दायर भएको छ । उनीहरु स्वतः पदमुक्त हुने कतिपयको तर्क छ । त्यस्तै, राष्ट्रपति विद्यादेवी भण्डारीले दोश्रो पटक पनि नागरिकता विधेयक फिर्ता पठाएर असंवैधानिक काम गरेको भन्दै आलोचना पनि भईरहेका छन् । त्यत्तिमात्रै होईन, अहिले सडकमा नागरिकताको विषयलाई लिएर पक्ष र विपक्षमा सडकमा नारा लागिरहेका छन् । अझ, गठबन्धनको तागत पुग्ने भए महाअभियोग लगाएर हटाउने समेत भईसक्थ्यो ।

'राष्ट्रपति, प्रधानमन्त्री, उपराष्ट्रपति, सभामुख, प्रधानन्यायाधीश सबै आफ्नो दायित्व र जिम्मेवारी बहनमा गम्भीर नहुँदा आज मुलुक अन्योलतामा गुज्रिन पुगेको छ । उनीहरु प्रणालीबाट दीक्षित छैनन्। प्रणालीबाट दीक्षित नहुँदा संविधानको उल्लंघन हुन्छ' राजनीतिक विश्लेषक कृष्ण खनालले भने । उनले राज्यका निकायमा बढेको अराजकताले राजनीतिक कोर्स नै परिवर्तन हुने संकेत गरेका छन्। एकले अर्कालाई असंवैधानिक र अराजनीतिकको आरोप लगाएर तीनवटै अंग अस्तब्यस्त पार्ने शासकहरुलाई आगामी चुनावमा दण्ड दिनुपर्ने आवाज पनि उठिरहेका छन् । तरपनि, नेतृत्वकर्ताहरु आरोप, प्रत्यारोप र तानातानीमै मस्त छन् ।

## एमालेसँग...

हुन् । एमालेले आउँदो चुनावमा आफू एक्लै लड्ने बताउँदै आए पनि तालमेलका लागि सम्भावित साना दलहरूको खोजी भने गरिरहेको छ।

## स्वतन्त्र ...

रहेका महेश बस्नेतले अराजकहरुको समूहले स्वतन्त्रको दावी गरेका थिए । यसअघि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सहित प्रमुख राजनीतिक दलका नेताहरुले पनि स्वतन्त्र उम्मेद्वार दिएर चुनाव जित्नेहरुबारे टिप्पणी गरेका थिए ।

आमपंक्तिमा पनि स्वतन्त्रहरुको प्रचार भइरहेको छ । स्वतन्त्रको माहोल देखेपछि टेलिभिजन प्रस्तोता रवी लामिछानेले अलग राजनीतिक दल नै दर्ता गराएका छन् । उनले घण्टी चुनाव चिन्ह लिएर दल दर्ता गराएका छन् । अहिले उनी देश दौडाहामा निस्किएका छन् । यी सबै घटना र टिप्पणीहरुको निष्कर्ष भनेको स्वतन्त्र एक शक्ति बन्न पुगेको प्रष्ट हुन्छ । आगामी चुनावमा यो शक्तिको पनि परीक्षा हुनेछ ।

## मलेसियामा...

प्रवाहको क्षमता बढाउँदै मलेसियामा कार्यरत नेपाली श्रमिकका समस्या सम्बोधनलाई पनि आफ्नो प्राथमिकतामा रहेको बताए ।

मलेसियामा विभिन्न पेशामा रहेका नेपालीहरुसँग सहज सम्पर्क स्थापना गर्दै उनीहरुको अधिकतम हित र सुरक्षाका कार्यहरुलाई प्राथमिकता दिने पनि उनले बताए।

पौडेल गत भदौ २७ गते राष्ट्रपतिबाट पद तथा गोपनीयताको शपथ ग्रहण गरेका थिए। नेपालको प्रतिष्ठा र राष्ट्रिय सम्मानको अभिवृद्धि गर्दै द्विपक्षीय सम्बन्ध बलियो बनाउने बताउँदै उनले नेपालका पर्यटकीय क्षेत्रहरुको प्रचारप्रसार, नेपाली उत्पादनहरुको मलेसियाका बजारमा प्रवर्द्धन, नेपालमा लगानी गर्न इच्छुक लगानीकर्ताहरुको पहिचान र सहजीकरण जस्ता कार्यहरुबाट नेपालको अधिकतम हित हुने गरी आर्थिक कुटनीतिमा समेत जोड दिने बताए ।

नेपाल-मलेसियाबीच जनस्तरको सम्बन्ध विस्तारलाई समेत प्राथमिकता दिने उनको भनाइ छ। साढे दुई लाख भन्दा धेरै नेपाली श्रमिक रहेको मलेसियामा हाल दैनिक २ हजारको संख्यामा जान थालेका छन् ।

## करोडपति...

निरन्तर चिट्ठा खरिद गर्दै आएका थिए। मासिक एक हजार तीन सय दिराम कमाइ गर्दै आएका भरतले 'महजुज ड्र' नामको सो लक्की ड्र जितेपछि आगामी असोज ११ गते स्वदेश फर्किने योजनासमेत पर सारेका हुन्। उनलाई उक्त रकम नेपाल ल्याउन प्रक्रिया मिलाउनु पर्ने भएपछि घर फर्किने समय पर सार्नुपरेको बताइएको छ ।

दुई सन्तानका पिता भरत तीन वर्षअघि दुबई गएका हुन् । ब्रेन ट्युमरबाट पीडित उनको कान्छो भाइको उपचार भइरहेको छ । उनका बुबा भारतमा ड्राइभरको काम गर्छन्। भरत भन्छन्, 'रकमको अभावमा भाइको उपचारमा समस्या भयो। अपरेशनको क्रममा उसलाई पक्षाघात भएर कान गुम्यो । अब राम्रोसँग उपचार गराउने छु।'

भरतले आफ्ना सन्तानको शिक्षा र परिवारको बसोबासका निम्ति पनि उक्त रकम खर्चने बताएका छन् । उनले यूएईमा आफ्नो भाग्य बदलिएको भन्दै जितेको रकम व्यवस्थापन गरेपछि पुनः यूएई जाने बताएका छन् । करिब ३४ करोड ६३ लाख नेपाली रुपैयाँ जितेपनि उनको दुबईमा बैंक खातासमेत छैन ।

महजुजका संचालक इविङसका सिइओ फरिद सामजीले भरतका लागि बैंक खाता खोल्न मद्दत गरिरहेको बताएका छन् । दुबई जानुअघि भरत वैदेशिक रोजगारका लागि साउदी अरब गएका थिए ।

MALAYSIA मा रोजगार | कम्पनी: MISTER COFFEE SDN.BHD.
शहर: Malaysia,JOHOR

पूर्व स्वीकृत मितिः २०७९/०५/१६ चलानी नं.: ६०१८६५६१ LT. No.: 270737 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १५ गते (1 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

BIGYAN H.R. MANAGEMENT (P.) LTD.
Govt Lic No. 1503/074/075
BIGYAN HR MANAGEMENT PVT. LTD.
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Tel: 4522477, 4523477

## प्रादेशिक अस्पतालको स्तरोन्नति गर्ने सरकारको निर्णय




**विराटनगर/मस**–प्रदेश नं १ सरकारले झापाको भद्रपुरस्थित प्रादेशिक अस्पतालको स्तरोन्नति गर्ने भएको छ। प्रदेश सरकार मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले प्रादेशिक अस्पतालको स्तरोन्नति गरी दुई सय शय्याको पुऱ्याउने निर्णय गरेको छ। बैठकले भोजपुर जिल्ला अस्पतालको स्तरोन्नति गरी ५० शय्याको बनाउने निर्णय पनि गरेको प्रदेश सरकारका प्रवक्ता एवं यातायात व्यवस्था सञ्चारमन्त्री उपेन्द्रप्रसाद घिमिरेले जानकारी दिए।

यस्तै बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयद्वारा असोज ५ गतेको निर्णय प्रचलित कानुनको दायराभित्र रही धनकुटाको भेडेटारमा निर्माणाधीन 'स्वाइ वाक'का लागि आवश्यक जग्गा सट्टापट्टा गर्ने जिम्मेवारी प्रदेश लगानी प्राधिकरणका प्रमुख कार्यकारी निर्देशकलाई अधिकार प्रत्यायोजन गरेको प्रवक्ता घिमिरेले जानकारी दिए।

बैठकले खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयद्वारा प्रस्तुत प्रदेश खानेपानी तथा सरसफाइसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ। यसैगरी पर्यटन तथा संस्कृति मन्त्रालयद्वारा प्रस्तुत प्रदेशअन्तर्गतका १४ जिल्लाको प्रमुख उत्पादनको 'ब्राण्डिङ' गर्ने र प्रदेशको पर्यटन लोगो स्वीकृत गर्ने र पर्यटकीय गन्तव्यस्थल तोक्ने विषय मन्त्रिस्तरीय समितिको छलफलमा लैजाने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवं मन्त्री घिमिरेले जानकारी दिए।

# १६ हजार बढीमा डेंगु संक्रमण, २७ जनाको मृत्यु



**काठमाडौं/मस**–नेपालमा हालसम्म १६ हजार बढीमा डेंगु संक्रमण पुष्टि भएको छ भने हालसम्म २७ जनाले ज्यान गुमाएका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार गत साउनदेखि हालसम्म देशभर २१ हजार ३५२ जनामा डेंगु संक्रमण पुष्टि भएको छ। जसमध्ये सबैभन्दा धेरै वागमती प्रदेशमा १६ हजार २३६ जनामा डेंगु संक्रमण देखिएको छ।

यस्तै, लुम्बिनीमा २ हजा ७ सय ४३, सुदूरपश्चिममा ७ सय ५८, प्रदेश १ मा ५ सय ८५, गण्डकीमा ४९६, मधेश प्रदेशमा ३ सय ५, कर्णालमा २ सय २९ जनामा संक्रमण देखिएको छ।

त्यसैगरी डेंगु संक्रमणबाट हालसम्म २७ जनाले ज्यान गुमाएका छन्। हालसम्म देशभरका सात वटै प्रदेशका ७५ जिल्लामा डेंगु संक्रमण फैलिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

**थप ७६ मा कोरोना संक्रमण पुष्टि**


देशभर पछिल्लो २४ घण्टामा थप ७६ जनामा कोभिड संक्रमण पुष्टि भएको छ भने एक जनाको संक्रमणका कारण मृत्यु भएको छ। सो अवधिमा चार हजार ६९ जनाको नमूना परीक्षण गरिएको थियो। एक हजार आठ सय ३० जनाले पिसिआर र दुई हजार दुई सय ३९ जनाको एन्टिजीन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

शुक्रबार ८७ जना कोरोना संक्रमणमुक्त भएका छन्। यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ८६ हजार एक सय १९ पुगेको छ। संक्रमण मुक्त हुने दर ९८ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

हाल सक्रिय संक्रमितको संख्या एक हजार तीन सय ७१ रहेको छ। हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजार १६ पुगेको छ। होम आइसोलेशनमा एक हजार तीन सय २२, संस्थागत आइसोलेसन ४९ र आइसियूमा १० जना संक्रमित रहेका छन्।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय संक्रमित भएका जिल्ला काठमाडौं रहेको छ। सून्य सङ्क्रमित रहेका जिल्लामा ताप्लेजुङ, तेह्रथुम, रामेछाप, मनाङ, मुस्ताङ, स्याग्दी, बाग्लुङ, हुम्ला, डोल्पा, कालिकोट, रुकुम पश्चिम, जाजरकोट, दैलेख र दार्चुला रहेका छन्। उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा ५३८, ललितपुर एक सय ९१ र भक्तपुरमा २४ सक्रिय संक्रमित रहेका छन्। कुलमा संक्रमणदर १६ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

## १७ महिने बालकको गाडीले किच्दा मृत्यु



**भक्तपुर/मस**–भक्तपुर मध्यपुरथिमि नगरपालिका-१ लोकन्थलीमा पानी झार्न रोकिराखेको बा ५ ख ७८१७ नंको ट्रकमुनि खेल्दै छिरेका एक १७ महिनाको बालकको सोही ट्रकले किच्दा शुक्रबार मृत्यु भएको छ।

सिन्धुपाल्चोक त्रिपुरासुन्दरी गाउँपालिका-५ घर भई हाल लोकन्थली बस्ने केशवलाल श्रेष्ठको १७ महिनाको छोरा सलिन श्रेष्ठ खेल्दै गाडीमुनि छिरेको अवस्थामा गाडी अगाडि बढाउँदा किचेर गम्भीर घाइते भई उपचारका लागि समिट अस्पताल लोकन्थली लगेपछि मृत्यु भएको अस्पतालले जनाएको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक राजु पाण्डेले जानकारी दिए।

सवारी साधन र चालक सिन्धुपाल्चोक मेलम्ची गाउँपालिका-३ घर भई हाल काठमाडौं मूलपानी बस्ने २३ वर्षीय आकाश भुजेललाई प्रहरी वृत्तथिमिले पक्राउ गरी अनुसन्धान गरिरहेको उनले जानकारी दिए।

## सुर्खेतमा चाडपर्व लक्षित सुरक्षा योजना



**कर्णाली/मस**–सुर्खेतका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले चाडपर्व लक्षित सुरक्षा योजना बनाएर अघि बढिएको बताएका छन्।

दशैं-तिहारको अवधिमा हुने सवारी दुर्घटना, कालोबजारी तथा चोरीका घटना, लागुऔषधलगायका दुर्व्यसनीका घटना हुने, जुवातास, अवैध धन्दा जस्ता गैर कानूनी क्रियाकलाप नियन्त्रणगर्न चाडपर्व लक्षित विशेष सुरक्षा योजना बनाइएको प्रमुख जिल्ला अधिकारी रिजालले बताए।

उनले भने, 'हामीले हप्तापिच्छे दुई-तीनपटक बजार अनुगमन गरिरहेका छौँ। अनुगमनको प्रभावकारिताका लागि कडाइका साथ लगिएको छ।'

सुर्खेतका बढी भीड हुने वीरेन्द्रनगर, छिन्चु, मेहलकुना, गुर्भाकोट, बोटेचौर, सिम्ता, बड्डीचौर, बाबियाचौलगायतका बजारमा व्यापार व्यवसायलाई सेवाग्राहीमैत्री र सहज बनाउन विशेष सुरक्षा योजनाले सहयोग पुग्ने उनले बताए। उनका अनुसार समाजमा अन्य सामाजिक अपराधका घटना घट्न नदिन मुख्य-मुख्य बजारमा सुरक्षाकर्मी खटाइएको छ।

प्रजिअ रिजालले नागरिकलाई सहुलियतका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेशन सुर्खेतसँग समन्वय गरेर सुपथ मूल्यका पसल सञ्चालन गर्न लगाइएको बताए। सुर्खेतलगायत कर्णालीका दशै जिल्लामा सुपथ मूल्यका पसल सञ्चालनमा आएपछि पछिल्लो एक हप्तामा सामान किन्ने नागरिकको घुइँचो लाग्न थालेको छ।

## दुर्घटना रोकथाम तथा यातायातको सहज व्यवस्थापन गर्न समिति



**काठमाडौं/मस**–सरकारले नजिकिएको चाडपर्वका बेलामा दुर्घटना रोकथाम तथा यातायातको सहज व्यवस्थापनका लागि आवश्यक निर्देशनसमेत दिने गरी गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलको संयोजकत्वमा छ सदस्यीय समिति गठन गरेको छ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाले चाडपर्व नजिकिएका बेलामा भइरहेका सडक दुर्घटना तत्काल न्यूनिकरणलाई आवश्यक व्यवस्थापनका लागि निर्देशन दिएअनुसार मन्त्रिपरिषद्ले प्रवक्ता पोखरेलको संयोजकत्वमा समिति गठन गरेको गृहमन्त्रीको सचिवालयले जनाएको छ।

समितिमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक मीरा चौधरी, यातायात व्यवस्था विभागका महानिर्देशक डा टोकराज पाण्डे, सडक विभागका महानिर्देशक अर्जुनजङ्ग थापा, नेपाल प्रहरी ट्राफिक निर्देशनालयका प्रहरी नायब महानिरीक्षक वसन्त कुँवर र यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वार सदस्य रहेको समिति बनाएको गृहमन्त्रालयले जनाएको छ।

समितिले सडक दुर्घटना न्यूनिकरणका लागि के गर्नुपर्छ ? सार्वजनिक यातायातको व्यवस्थापन कसरी गर्ने ? आम नागरिकलाई सहरबाट गाउँगाउँसम्म कसरी सुरक्षितरूपमा पुऱ्याउने भन्नेबारेमा अध्ययय गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने छ।

## काठमाडौं महानगरका आठवटा वडामा क्षयरोग जाँच निःशुल्क




**काठमाडौं/मस**–काठमाडौं महानगरपालिकाका आठवटा वडामा क्षयरोग जाँच निःशुल्क गरिएको छ। जापान क्षयरोग निवारण संस्थाले जापान नेपाल स्वास्थ्य तथा क्षयरोग अनुसन्धान संस्था र स्थानीय वडा कार्यालयको सहकार्यमा दुईदिने निःशुल्क क्षयरोग स्वास्थ्य शिविर गरेको हो।

सो संस्थाले काठमाडौं महानगरपालिकाको वडा नं ६, ७, १०, १५, १६, १८, २६ र ३२ वडामा क्षयरोग जाँच निःशुल्क गरेको हो। जापान क्षयरोग निवारण संस्थाका कार्यक्रम समन्वयकर्ता डिएन शर्माले काठमाडौं महानगरपालिकाको धेरै जनसंख्या भएको वडालाई लक्षित गरी उक्त कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए।

समाजमा लुकेर रहेका क्षयरोग विरामीलाई स्वास्थ्य उपचार गर्ने उदेश्यका साथ स्थापना भएको उक्त संस्थाले आगामी दिनमा काठमाडौं महानगरपालिका भित्रका सबै वडामा क्षयरोग जाँच निःशुल्क गर्ने जनाएको छ।

कार्यक्रम समन्वयकर्ता शर्माका अनुसार क्षयरोग लागेका व्यक्तिलाई रोग पत्ता लगाएर उपचार गरी क्षयरोग मुक्त समाज निर्माण गर्नु संस्थाको मुख्य उदेश्य हो। यस्तै, जापान-नेपाल स्वास्थ्य तथा क्षयरोग अनुसन्धान संस्थाले नेपालभरका ११ वटा जिल्लामा क्षयरोगको क्षेत्रमा काम गर्दै आएको छ। सो संस्थाले बागमती प्रदेशको काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, धादिङ, चितवन र मकवानपुरका साथै गण्डकी प्रदेशको कास्की, तनहुँ, स्याङ्जा र नवलपुरमा काम गर्दै आएको छ।

## महाकाली अस्पतालमा डायलसिस सेवा सञ्चालनको तयारी




**दोधारा चाँदनी/मस**–कञ्चनपुरको महाकाली प्रादेशिक अस्पतालमा डायलसिस सेवा सञ्चालनको तयारी भइरहेको छ।

अस्पताल प्रशासनले डायलसिस सेवा सञ्चालनका लागि मेसिन खरिद गरेर चार स्टाफ नर्सको लागि विज्ञापन आह्वान गरेको छ।

सेवा सुचारु गर्न भौतिक संरचना तयार भइसकेको छ भने स्वास्थ्यकर्मीलाई तालिमको तयारी भइरहेको महाकाली प्रादेशिक अस्पतालका अध्यक्ष कृष्णानन्द भट्टले जानकारी दिए।

उनले भने, 'करिब एक करोडको लागतमा मेसिन खरिद गरेर अस्पतालमा पुगिसकेको छ। भौतिक संरचना तयारी अवस्थामा छ। चार स्टाफ नर्सको लागि विज्ञापन आह्वान गरेका छौँ। तत्काललाई दुई चरणमा सेवा सञ्चालन गर्ने गरी तयारीमा लागेका छौँ।'

उनले स्वास्थ्यकर्मीलाई तालिमका लागि पनि समन्वय भइरहेको बताए।

उनले भने, 'एक महिनाभित्रै सेवा सञ्चालन गर्ने गरी तयारी भइरहेको छ। केही दिनभित्र इञ्जिनीयर आएर मेसिन जडान गर्ने तयारी छ।' सुदूरपश्चिम प्रदेश सरकारको ५८ लाख लागतमा भवन निमार्ण भइसकेको छ।

महाकाली प्रादेशिक अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा.अर्जुन भट्टले बजेट अभावका कारण सेवा सञ्चालनमा आउन केही ढिलाइ भएको बताए।

कर्मचारीको तलब र अन्य व्यवस्थापनका लागि सुदूरपश्चिम प्रदेश सरकारबाट बजेट निकासा नभए पनि अस्पताल व्यवस्थापन समितिबाट सेवा सुविधा दिने गरी डायलसिस सेवा सञ्चालन ल्याउने तयारी भइरहेको उहाँले बताउनुभयो।

सेवा सुरु भएपछि यहाँका बिरामीले धनगढीलगायत अन्यत्र उपचारका लागि जानुपर्ने बाध्यता हट्ने उनले बताए। हाल कञ्चनपुरबाट सय बढी मृगौलाका बिरामी डायलासिसका लागि धनगढीस्थित सेती प्रादेशिक अस्पताल र सीमावर्ती भारतीय बजार जाने गरेका छन।

## उच्च शिक्षामा शोधपत्रिकालाई प्रवर्द्धन गर्न आग्रह

**काठमाडौं/मस**-त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा धर्मकान्त बाँस्कोटाले उच्चशिक्षामा ज्ञान फैलाउने प्रभावकारी माध्यमका रूपमा शोधपत्रिका (जर्नल) को प्रकाशनलाई महत्व दिन आग्रह गरेका छन्।

एड्भान्स्ड कलेज अफ इन्जिनियरिङ एन्ड म्यानेजमेन्टको नियमित जर्नलको सातौं अंकको लोकार्पण गर्न शुक्रबार आयोजित कार्यक्रममा उपकुलपति डा बाँस्कोटाले नियमित पठनपाठनका अतिरिक्त अनुसन्धानमूलक सामग्रीको उत्पादन र प्रकाशन अत्यावश्यक भएको बताए। उनले विद्यार्थीहरूको आवश्यकतालाई सम्बोधन गर्दै यस्ता सामग्रीमार्फत ज्ञान हस्तान्तरण गर्ने कार्यलाई प्रवर्द्धन गरिने विश्वास व्यक्त गरे।

उपकुलपति डा.बाँस्कोटा, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानका उपकुलपति सुनिलबाबु श्रेष्ठ र कलेजका अध्यक्ष रमेशकुमार सिलवालले संयुक्त रूपमा उक्त जर्नलको लोकार्पण गरेका हुन्।

अध्यक्ष सिलवालले अनुसन्धानमुखी जर्नलमा ध्यान केन्द्रित गर्दै इन्जिनियरिङ विषय अध्ययन गर्ने क्रममा प्रयोगात्मक शिक्षाको निष्कर्ष प्राप्तिका लागि विद्यार्थीलाई एड्भान्स कलेज एक उत्कृष्ट फोरम भएको बताए। नाष्टका उपकुलपति श्रेष्ठले आफ्नो ज्ञान र अनुभवलाई निखार्ने कार्यमा यस्ता जर्नलजस्ता छापा प्रकाशनहरूले सघाउ पुऱ्याउने जनाए।

## भन्सार छलीको सामानसहित ट्रक नियन्त्रण

**सर्लाही/मस**– सर्लाहीको हरिवनबाट सशस्त्र प्रहरीले ठूलो मात्रामा चिसो पेय पदार्थ बरामद् गरेको छ। सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस हरिवनले हरिवन नगरपालिका १० स्थित नयाँ रोड चोकबाट शुक्रबार भारतीय ब्रान्डको १ सय ४८ कार्टुन १ हजार ३ सय ३२ बोतल ड्यू (चिसो पिय पदार्थ) बरामद् गरेको हो।

सशस्त्र प्रहरीले भन्सार छलेर भित्र्याईएको ड्यू (चिसो पिय पदार्थ) लोड भएको ना ५ ख ६४७२ नम्वरको ट्रक समेत नियन्त्रणमा लिएको शसस्त्र प्रहरी बल नेपाल नम्बर १० हे.क्वा गण सर्लाहीले जनाएको छ। बरामद् गरिएको सामानसहित ट्रक अन्दाजी मूल्य रु १२ लाख १० हजार ४ सय ५६ बराबरको रहेको शसस्त्र प्रहरी बल नेपाल नम्बर १० हे.क्वा गण सर्लाहीका गणपति शसस्त्र प्रहरी उपरीक्षक भरत खनियाँले जानकारी दिए। बरामद् गरिएको सामान र ट्रक आवश्यक कारबाहीका लागि जिल्ला भन्सार कार्यालय सर्लाही पठाइएको सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस हरिवनका शसस्त्र प्रहरी प्रमुख शसस्त्र प्रहरी नायव उपरीक्षक सुशील श्रेष्ठले जानकारी दिए। सो सामान कसरी रकुन नाकाबाट प्रवेश गरी पुर्व पश्चिम लोकमार्गसम्म आइपुग्यो भन्ने विषयमा अनुसन्धान शुरु भएको छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६२/०१/२६ मा दर्ता भएको **प्रा.लि. नं. ३४२३१ को सार्क ओभरसिज प्रा.लि. को मिति २०७९/०६/०६** मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८४१३४०४०३, ईमेल** : rokayasherbahadur723@gmail.com

## रामेछापको मन्थलीबाट लुक्ला उडान

**काठमाडौं/मस**–रामेछापको मन्थली विमास्थलबाट सोलुखुम्बु-लुक्ला उडान हुने भएको छ। यसअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंबाट हुँदै आएको सोलुखुम्बु-लुक्ला उडान निकट भविष्यमै रामेछापको मन्थली विमानस्थलबाट शुरु हुने निर्णय गरिएको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का महानिर्देशक ई. प्रदीप अधिकारीले जानकारी दिए।

उनका अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणले निर्णयअनुसार रामेछाप-लुक्ला उडानका लागि विमानस्थलमा आवश्यक पर्ने संरचना तथा सेवासुविधाका लागि विमानस्थल निर्माणकार्य विस्तार भइरहेको छ। निजी क्षेत्रका हवाई सेवा प्रदायक कम्पनीले यही असोज ९ गतेदेखि रामेछाप-लुक्ला उडान शुरु गर्ने तयारी गरिसकेका छन्।

लुक्ला उडान गर्ने यात्रु बढी विदेशी पर्यटक हुने भएकाले रामेछापको मन्थली विमानस्थललाई व्यवस्थित बनाउन आवश्यक रहेको देखिएकाले अहिले विमानस्थलमा आवश्वयक पर्ने संरचना तथा सेवासुविधाका लागि विमानस्थल निर्माणकार्य तीव्र गतिमा विस्तार भइरहेको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले जनाएको छ।

**श्री पशुपतिनाथ आयुर्वेद भवन प्रा.लि.**
**शिवनगर, रौतहट**

**दररेट प्रकाशन सम्बन्धमा**

मिति २०७९/०६/०७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित श्री पशुपतिनाथ आयुर्वेद भवन प्रा.लि.को दररेट प्रकाशन सम्बन्धको सूचनामा निम्न तालिकाको औषधीको विवरण प्राविधि कारणे छुट्न गएकाले यस सूचनामा छुट्न गएको विवरण प्रकाशित गरिएको छ।

उपरोक्त सम्बन्धमा यस श्री पशुपतिनाथ आयुर्वेद भवन प्रा.लि. बाट तपसिल बमोजिमका आयुर्वेदिक औषधीहरुको थोक तथा खुद्रा मूल्य सरकारी संस्था ,गैरसरकारी संस्था, थोक बिक्रेता ,खुद्रा बिक्रेता लगायत सम्बन्धी सबैमा जानकारीको लागि मिति २०७९/०५/०१ गते देखि लागु हुने गरी दररेट (मूल्य) प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

| क्र.स. | औषधीको नाम | प्याकिङ्ग साइज | खुद्रा मूल्य | थोक मूल्य |
|---|---|---|---|---|
| १ | येष्टीमधु चूर्ण | १०० ग्राम | २०५।०० | १३१।०० |

**नोट**: २०७९/०६/०७ गते प्रकाशित दररेट र यो दररेट कम्पनीले अर्को सुचना जारी नगरुञ्जेलसम्मका लागि हुने व्यहोरा जानकारी गराईछ।

कथा

# कामरेडको चुनावी अभियान

नारा जुलुस गर्ने, पर्चा टाँस्ने, माइकिङ्ग गर्ने, गन्तव्यमा बास बस्ने र खसी खाने कार्यक्रम तय भए पछि हामी दलबलसहित निस्कियौं । "साथीहरु हो क्रान्ति अझैँ बाँकी छ...." गीतको साथमा पोष्टर टाँस्दै नारा घन्काउँदै, अगला ठाउँमा झण्डा गाड्दै, विपक्षका झण्डा र पोष्टर झिक्दै, गन्तव्यमा पुगन लागदा त्यहाँको स्थानीय साथीहरुलाई दुई वटा राम्रा खसीका पाठा काटेर मिठो खाना बनाउन निर्देशन दिइयो ।



■ शम्भूप्रसाद पनेरु

जुन कुराको लामो समयदेखि प्रतिक्षामा थिएँ, निर्वाचन प्रचार प्रसार समितिको संयोजक । पहिला-पहिला पनि पदको लागि धेरै गुनासो गरियो । आफूभन्दा जुनियर चैतेले पद बजाए तर, आफू हेरेको हेर्‍यै । केही साथीहरुको व्यंग्य गरेका थिए, "तँ किन चिन्ता गर्छस् चुनावमा प्रचार प्रसार समितिको समिति पाउन भनेर ?" अहिले आएर अध्यक्ष नै हुँदा म दंग नहुने कुरै थिएन ।

एउटा इकाइको निर्वाचन सम्पन्न गर्ने संयोजक दिए पछि आफूले पनि भएभरको जाँगर निकालेर काम गर्ने कुरो भै हाल्यो । खसी कहाँ कहिले काट्ने ? पाडा नै ढाल्नु पर्ने ठाउँ कुन हुन् ? जलपानले मात्र चल्ने क्षेत्र कुन-कुन हुन् ? त्यस्तै नारा जुलुस मोटरसाइकल ऱ्याली र तेल वितरण कहिले ? युवाको जुलुस कहाँ कहिले ? महिलाको जुलुस कहिले ? पोष्टरहरु कहाँ-कहाँ टाँस्ने र अरु दलको पोष्टर झण्डा कसरी च्यात्ने ? लावा लस्करसहितको जुलुस निकालेर साधारणलाई आफूतिर मोड्नु पऱ्यो । त्यसको कार्यक्रम पनि आलाकाँचा कार्यकर्तालाई नै राखेर तय गरियो । यी सबै कार्य सम्पन्न गर्नको लागि धेरै नगद रकमको पनि आवश्यकता पर्ने भएकोले त्यसको व्यवस्थासमेत अध्यक्षसहितको विशेष आर्थिक समिति गठन गरियो । झण्डा, ब्यानर, पर्चा, पोष्टर, गन्जी, टोपी, बाइक र गाडी संचालनको खर्च आर्थिक समितिमार्फत गर्ने निर्णय गरियो ।

हाम्रोमा आर्थिकको त्यति जरुरी परेन किनभने अगम्भे अगम्भे डोनर ज्यूहरु हामीले पायौं । उहाँहरुले टोल-टोलमा हुने खर्च व्यहोर्ने हुनु भयो । झण्डा, टोपी र गन्जी पनि उहाँहरुबाटै सौजन्य पाइने भइयो । ठूला नारा जुलुसको खसी र भात तरकारी तथा छाप हानेर हिँड्नेलाई केही खाजाले मुख बिटोलेर हिँड्ने तथा गाडीमा चडाएर तालि हान्न लाने खर्च म आयोजकले म्यानेज गर्नुपर्ने भयो । लौ भनेर छुट्टियौँ ।

एक दिन तीन घण्टाको बाटो नारा जुलुस गर्ने, पर्चा टाँस्ने, माइकिङ गर्ने र गन्तव्यमा बास बस्ने र खसी खाने कार्यक्रम तय भए पछि हामी दलबलसहित निस्कियौं । "साथीहरु हो क्रान्ति अझैँ बाँकी छ...." गीतको साथमा पोष्टर टाँस्दै नारा घन्काउँदै, अग्ला ठाउँमा झण्डा गाड्दै, विपक्षका झण्डा र पोष्टर झिक्दै, गन्तव्यमा पुग्न लाग्दा त्यहाँको स्थानीय साथीहरुलाई दुई वटा राम्रा खसीका पाठा काटेर मिठो खाना बनाउन निर्देशन दिइयो । मेस व्यवस्थापनको लागि पहिला नै पठाएका साथीहरुले खाना बनाए । खसीको खोजीमा हिँडेकाहरुले खसीको मोल मिलेन भनेर पहिलो बेते बाखो दुई वटा काटे । तामाङ गाउँ, तमाङ साथीहरु धेरै वर्ष किन गर्नु खसीमा भन्ने उनीहरुको धारणा होला । पहिलो बेते बाखाहरु हुन मिठो भैहाल्छ नी भन्ने धारणा रैछ तामाङ साथीहरुको । तर, दुई/तीन घण्टा नारा जुलुस गरेर थोकेका युवाहरुले यो कुरा थाहा पाए पछि रिसाएर आगो भए । दुई/चार जनाले भने, "थुक्क भोटे हो, राम्रो खसी काट भनेर पठाएको बाखो काटेर मरेछ । कति मिठो लागेको त्यसको काट्टो । हामी खाना नखाने हिँड केटा हो । यस्ताका नारा र जुलुसमा पनि नहिँड्ने । मरेका नेताहरु खसी कटाउन पनि नसक्ने ।"

बल्ल-बल्ल सम्झाउने र फकाउने काम गरेर त्यो रातको छाक गुजारियो । अर्को कार्यक्रम तय भयो - अगुवाहरुले भेटघाट गर्नुपर्ने आश्वासन दिनुपर्ने । आफ्नो पक्षमा ल्याउन टोल टोलका कार्यकर्ताहरुले गाउँको रखुबारी गर्ने, बेलुका पसलमा खाएर बस्नेको कहाँ जान्छ हेर्ने र विपक्षीको निगरानी गर्ने । त्यसको लागि दुई जना डोनर कामरेडहरुले जिम्मा लिनुभएको र उहाँ आफैँ संलग्न पनि भएकोले मैले त्यसतर्फ खासै ध्यान दिइन । दुई/चार दिनदेखि नै पसलमा भोज चलिरहेको थियो । त्यही पनि हामीले यत्रो बजाइ सकेऊँ, फलानो आएन भन्लान् भन्ने लागेर म पनि लागे भोजको अनुगमनमा । मसँग मेरो भाइ पनि थियो, उ अर्को पार्टीको भोजको निम्तामा जाँदै थियो । बाटामा एकै पटक भेट भएछ ।

म पसलमा पुग्नासाथ पसलेले गुनासो गरे, "यति दिन भोज चलिसक्यो तँ किन आइनस् ?"

"साथीहरुले खानु र मैले खानु उस्तै हो", मैंले जवाफ फर्काएँ ।

जम्मो टिम पनि घरमा भर्खर खाना खाएर आएका रहेछन् । कोहीले कोक, फेन्टा, पप, बिस्कुट, रेडबुल छ्यानी छ्यानी बजाएछन् । मैले नि रेडबुल फेन्टा मागेर त्यहाँको माहोलमा भिज्ने कोसिस गरेँ । मानौं हामीले तीन/चार दिनदेखि यसरी नै खाएर नोट बटुली रहेका छौँ । "यो चाहीँ कता वेपत्ता भयो ? यस्तो पसलमा नआउने मान्छेनी केको नेता, केको कार्यकर्ता ?" भन्ने प्रश्न आउने खतरा थियो ।

यसै सिलसीलामा हाम्रो डोनर कामरेडले हान्ने राँगोले हेरे जस्तो मलाई हेरे र भने, "नेता जी सलाम । आजसम्म कता हराउनु भएको थियो ? भोट कति जम्मा पार्नु भयो ? यस्तो पाराले जितिन्छ चुनाव ?"

मेरो पनि रिसको पारो तातेको थियो । भन्दीन्छु भन्ने लागेको थियो कि "कस्तो पाराले जितिन्छ ? दुई/तीन वटा पसलमा दुई/चार जना मिलेर रक्सी पिलाउँदा चाँही जितिन्छ त ?" तर, त्यसो भन्न मैले त्यो दिन मिलेन किनभने सबै जसो कार्यकर्ता खान पाएर डोनरकै पक्षमा थिए । पसले पनि सामान बेच्न पाएर डोनर कामरेडकै पक्षमा देखिए । मसँगै अर्को पार्टीको भोजमा जान गालेको भाइले पनि पार्टीभित्रको विवादको कुरो लाइदेला भन्ने डर । कठिनसँग शान्त भएर भने, "जनताले भोट दिए नै हामी जित्छौं ।"

पहिलादेखि नै मसँग रिसाएका डोनर कामरेड कड्कीए, "आजसम्म के हेरेर बसेका थियौ ? गाउँमा जनताले भोट दिए चुनाव जित्ने रे ! लाज लाग्दैन तिमीहरुलाई ?"

मेरो पनि पारो तातेको थियो । "के पसलमा बसेर रक्सी र खाना खाने बित्तिकै फेन्टा, बिष्कुट, रेडबुल खाएर उफ्रदैंमा चुनाव जितिने हो र ? जनताको मन जित्न गाउँ-गाउँ पो जानुपर्छ । एक हप्ता अगाडी आउने दुई/चार जनालाई खाएसम्म पसल रित्तने गरी खुवाउदैमा चुनाव जितिने होर ? जनताको मन जित्नुपर्छ । बुढा पाका महिला सबैको मन जित्नुपर्छ । कामले अनी मात्र भोट आउँछ ।" यति भनेर के भन्दै थिए डोनर कामरेड ममाथि जाईलागे । माहोल बिग्रियो । म आन्तरिक कुरा बाहिर नजाओस् भन्ने पक्षमा थिएँ । म सबै समस्याको जिम्मा लिए जस्तै गरि त्यहाँबाट बाटो लाएँ ।

आजभोली हारेको चुनावको समीक्षा हुन्छ । डोनर र नेताहरु मुखामुख गरेर खर्चको हिसाब गर्छन् । म भनेँ, मौन बस्छु । किनकी समीक्षा गर्नलाई उपयुक्त पात्र नै मैंले भेटाएको छैन ।



> खसी कहाँ कहिले काट्ने ? पाडा नै ढाल्नु पर्ने ठाउँ कुन हुन् ? जलपानले मात्र चल्ने क्षेत्र कुन-कुन हुन् ? त्यस्तै नारा जुलुस, मोटरसाइकल ऱ्याली र तेल वितरण कहिले ? पोष्टरहरु कहाँ-कहाँ टाँस्ने र अरु दलको पोष्टर झण्डा कसरी च्यात्ने ? यी सबै कार्य सम्पन्न गर्नको लागि धेरै नगद रकमको पनि आवश्यकता पर्ने भएकोले त्यसको व्यवस्थासमेत अध्यक्षसहितको विशेष आर्थिक समिति गठन गरियो ।

कविता

## मलाई देशभक्त नै रहन देऊ !



– बलराम तिमल्सिना

मलाई देशभक्त नै रहन देऊ
मलाई यही धारामा बहन देऊ
यति भए पुग्छ मलाई
यसैले देशको गर्छ भलाई
म तिम्रो दलाल हुन तयार छु
म राष्ट्रवादी बन्न तयार छैन ।

तिमीलाई जस्तै मलाई पनि
यो माटोको मायाँ छ
भीर, गडतीर या मैदानका
ती बाटोको मायाँ छ
टेढो नजर नलाऊ
मेरो दिलतिर फर्केर
तिम्रो जस्तै दिलमा मेरो
यही देशको छायाँ छ ।

भो मलाई देशभक्त मात्रै रहन देऊ
भाइ भाइमा विभाजन रेखा कोरेर
सिङ्गो देशलाई नश्ल हेर्दै फोरेर
नक्कली दुश्मन खडा गरी
चाँदमारी खेल्नलाई
पहाडको आड लिई
मधेशलाई पेल्नलाई
मलाई राष्ट्रवादी हुनु परेको छैन ।
राष्ट्रवाद नभएर म मरेको छैन ।

राष्ट्रवादको जामा भिरेर
कहाँ पुगिन्छ बुझेको छु
मायाँ देशको हो कि के हो
त्यो नि सप्पै बुझेको छु
जाँच्ने हो त ? आऊ
एउटा दिऊँ परीक्षा तिमी हामी
देशकै चिन्ता गरी गरी
म नि आँसुले रुझेको छु ।

राष्ट्रवादको भैलो नाच्दै
भूतप्रेत उचाल्न पुग्छौ किन ?
जङ्गबहादुर जन्माउने
अन्ध-अनुष्ठान रच्छौ किन ?
देश सकसमा पऱ्यो भने
धान्छ र एक्लै पहाडले ?
पेडा पुरी रोटी सम्झी
खान्छ र क्वाप्प मधेशले ?
विषको वृक्ष रोप्छौ अनि
अमृत फल्छ कसो गरी ?
आफू मात्रै चोखो मान्छौ
के छ हो तिम्रो हृदय भरी ?
मधेश दुखे पहाडले
पहाड दुखे मधेशले
छाम्ने, छुने, द्रविभूत हुने
खोजिरहेछ यो देशले !

### पाँच मुक्तक



– रञ्जना पराजुली लम्साल

१.
उनलाई चोखो माया गरी मैले ठूलो भूल गरे,
अनमोल मुटु दिईवरी मैले ठूलो भूल गरे !
अर्कै हातले रङ्गिएको सिउँदो हेर्दै आजभोलि,
बरबराउँछु पागल सरी मैले ठूलो भूल गरे ‼

२.
विश्वासले नाता जोडिए पनि,
हिँड्दा हिँड्दै बाटो मोडिए पनि !
नठान्नु धोका कहिले कसैले,
गन्तव्य नपुगी छोडिए पनि ‼

३.
गर्जदै मेघले ल्यायो यौटा बेमौसमी हुरी,
बन्यो दुस्वप्नको रात जलायो प्रीतको धुरी !
बुझ्नै नसकिने पाऱ्यो चित्ररेखाहरु पुछी,
निभायो दीप बालेर यो कस्तो हाय मज्बुरी ‼

४.
बिदा गरीसकेपछि सम्झी सम्झी रुँदा,
मनभित्र धैर्य राखी तस्बिरमा छुँदा !
अझै माया लाग्ने प्रीय सम्झनाको ताल,
पर्खाइका महिना झैँ दिन लामा हुँदा ‼

५.
टाढाबाट झझल्कोले यतै आई घेरेजस्तो,
प्राण मेरो तर सास उनले नै फेरेजस्तो !
आभाषले हृदयमा दिन्छ मीठो अनुभूती,
मन चोर्ने आँखाभित्र लुकाएर हेरेजस्तो ‼

कथा

युवा बराल 'अनन्त'



# अतृप्त तृष्णा

पुराना यादहरू कहिले काँही आलो बनेर आउँछन् । धेरै भयो मकैको ढिँडोसँग सिस्नुको झोल मुछेर नखाएको । कोदोको रोटी-पदिना र रामभेडाको अचारसँग चोभेर नखाएको । नयाँ चामलको (जाउलोको) खोले भातमा गहुँको पिठोको डल्ला बनाई उमालेर नखाएको । बेपारीको पातमा मकैको रोटी पोलेर नखाएको । ती स्वादहरू अब कल्पना मात्र रहे । सम्झना मात्र । दुधमानेको डाँक्ला ताछेर फर्सीको मुण्टासँग मिसाएर मकैको भातसँग नखाएको झन कति भो कति ! कस्ता यादहरू !

तिर्खा जस्तो अनुभूति । एउटा अतृप्त तृष्णा । चाहेर पनि खान नमिल्ने स्थिति छ आजकल । त्यसको प्राप्ति अनुकुल छैन अब । असम्भव । चलन नै छैन । अप्राप्य । भनौं मासिएको, बिर्सिइएको छ या छोडिइएको एउटा पुरानो सभ्यता । ठूलो छलाङ्ग लिएको छ समयले । मेरै समयमा मेरै उमेरको आयतनभित्र पनि यत्रो परिवर्तन !

धेरै भयो हो' खानेतेलको रित्तो बोतल बोकी छिमेकी घरहरूमा एक औंली तेल पैंचो नमागेको । बिहानी उठ्दा एक सिन्का सलाईको अभावले तल्लो घर माथ्लो घरबाट झरिलो अगुल्ठोको आगो नल्याएको । घरमा पाहुना आउँदा एउटा बर्को ओडी परालको माचमा रात नकाटेको झन वर्षौं बित्यो । अनि पानी झरी पर्दा भएभरको भाँडा वर्तनहरू भेला पारी खरले छाएको छानाबाट चुहुन पुगेको प्रत्येक तप्कनाहरूमा यत्रतत्र थाप्न नपरेको अनि भाँडा नथापिएको ठाँउको पानी सोहोरेर झुम्रोमा निचोर्दै फाल्न नपरेको धेरै भयो ।

ओहो झण्डै बिर्सिएछु' वैशाखको तेजिलो हावाको निर्मम प्रहारले क्षतविक्षत घरको धुरीमा खरलाई चेप्ने बाँसको भाटालाई चोयाले कस्सेर नबाँधेको पनि वर्षौं बित्यो । घर लड्न लाग्दा तलतिरबाट अर्को नयाँ दह्रो बाँसको टेवा लाएको सम्झँदैछु यतिबेला । ती कस्ता अनुभवहरू थिए !

सुख बिर्सन्छन् रे मान्छेले छोट्टो ! तर दुःख पनि बिर्सिइँदो छ यति छिटै ! भने पछि, स्थायित्व के'मा छ र !

आमाको पोल्टाबाट निकै यत्नले साँचो चोरी ठूलो काठको बाकसबाट घीउ चिनी अनि मह चोरेर खाएको आलो याद छ । कस्तो अतृप्त भो हुन ती ! ती बालसुलभ खेल क्रिडाहरू गर्न नमिल्ने खल्लोपन छ यहाँ यतिबेला साँच्चै !

आहा ! त्यो आलो गोबर माटोले लिपेको घरको चुल्हाको गन्ध सुँघ्ने इच्छा लागेको महिनौं भयो । यो चिसो सिमेण्टले बनेको घरमा त्यो गन्ध कहाँ छ र ! बल्न नमानेको चिसो दाउराको पिरो धुवाँमा रूमलिन मन परेको पनि धेरै भयो । अगेनाको डिलमा बसेर आमैको मुखार्वृन्दबाट दन्तेकथा सुनिन्थ्यो । आमै हुनुहुन्न अब । अनि अगेना पनि ! दाउरा पनि बल्दैन यो घरमा । आगो अरू नै प्रक्रियाले बल्छ । भात पनि अर्कै प्रयोजनले पाक्छ ।

> आहा ! त्यो आलो गोबर माटोले लिपेको घरको चुल्हाको गन्ध सुँघ्ने इच्छा लागेको महिनौं भयो । यो चिसो सिमेण्टले बनेको घरमा त्यो गन्ध कहाँ छ र ! बल्न नमानेको चिसो दाउराको पिरो धुवाँमा रूमलिन मन परेको पनि धेरै भयो । अँगेनाको डिलमा बसेर आमैको मुखार्वृन्दबाट दन्तेकथा सुनिन्थ्यो । आमै हुनुहुन्न अब । अनि अगेना पनि ! दाउरा पनि बल्दैन यो घरमा !

गमलाको कम्पोज मल अञ्जुलीभरी उठाएर सुँघें तर आएन खोजेको माटोको त्यो सुगन्ध । तिख्खर । अलकत्रे सडकको छेउभित्ता कोट्याएर खोजें त्यो वास्तविक माटो । आफ्नो माटो। आफ्नो तिर्जा । निजी । तर' ।

असारे हिलो खेतमा जिउभरी लछ्रेप्रै हिलो नलागेको कति भो कति । दाँतेमाथि चडेर हाहाहोहो नकराएको' हाँसी रमाइलो नगरेको युग जस्तै पुरानो भो ।

कतै माटोको पनि तिर्खा लाग्छ ? तर मलाई अनौठो प्रकारले माटोको तिर्खा लागिरहेछ । ठाँउको । अस्तित्वको । जमीनको। स्वामित्वको। अधिकारको। स्वतन्त्रताको । स्वच्छन्दताको' ।

घर मालिकको अग्लो बिल्डिङ्गको टुप्पामा चढ़ेर जोडसित चिच्च्याउँ चिच्च्याउँ लाग्दैछ यतिबेला । भित्र कतै अल्झेको बोझ हो कि कुण्ठा हो कि वेदना हो कि पीडा । यस्तै के के'को वान्ता एकैसाथ ओकलौं ओकलौं लागिरहेछ । पोखौं पोखौं लाग्दैछ यो गह्रौं अट्टहास !

ठूलो, खुल्ला र सम्पूर्ण आकाश नदेख्नुको यो ऐंठन । आफ्नो नहुनुको आभासको अर्को तीब्र पराकम्पन । जति सम्झँदैछु उति लाम लागेर आउँदैछन् ती प्यारा-प्यारा, मीठा-मीठा सम्झनाहरू । मेरो धरातलको, मेरो शैशवको, आफ्नोपनको । जहाँ टेकेर म पहिलो पल्ट उभिएँ । जुन माटोको कोमल स्पर्श अनि उपयुक्त शिक्षाले म मान्छे बनेँ । सम्झिरहेछु' यतिबेला ती सबै-सबै । जान्दै बुझ्दै जाँदा; आफुबाट खोसिँदै गएका आफ्नापनहरू ! आफुले अधिकार जमाउन नसकेका निर्धापनहरू । बिडम्बनाहरू ! सम्झिरहेछु- ती सबै सबै माझ तिमीलाई पनि !

सुन्न चाहन्छु म तिम्रो पनि कथा । भनन् तिमी कुन माटोले मान्छे बनिएकी हौ ?

# विद्यार्थीको बाध्यतापछि थपिएको खुसी
# राजपुरको ध्यान शिक्षा केन्द्रित

**टेकबहादुर पुन/मध्यान्ह**
दाङ, ७ असोज



दाङको विकट पालिकामध्ये एक प्रमुख हो राजपुर गाउँपालिका। भारतसँग प्रत्यक्ष जोडिएको राजपुर गाउँपालिकाका बस्तिहरुमा समस्याका चाङ गनि नसक्नु छन्। दुर्गम बस्तीका समस्याले स्थानीयवासीको आशाहरु नपलाउँदै बिलाउँछन्। त्यहाँका बासिन्दालाई सुगम क्षेत्रमा बस्न मन नभएको त होइन। तर आर्थिक अवस्थाले पिल्सियका स्थानीयका सपनाहरु बिलिन भइदिन्छन्।

त्यस क्षेत्रको प्रमुख समस्या मध्यका एक समस्या हो शिक्षा आर्जन पनि। सुगम क्षेत्रमा जस्तो प्रत्यक वडामा विद्यालय छैनन् त्यहाँ।

सञ्चार, विद्युत, बाटोघाटो, खानेपानी लगायतका समस्या त छँदैछ। डाडाँकाडाँ हिलाम्य बाटाहरु छिचोल्दै टाढाका विद्यालयमा पढ्न जानुपर्ने बाध्यतापनि कम त होइन।

जसले गर्दापनी त्यहाँका बिद्यार्थीहरु शिक्षा आर्जनमा पछि परिरहेको अवस्था छ। शिक्षाले समृद्धि निम्त्याउँछ भन्ने थाहा त छ। तरपनि यावत् समस्याका चाङले गर्दा शिक्षा तर्फको उत्सुक्ता कम देखिन्छ। प्रत्यक विद्यार्थी शिक्षाबाट वञ्चित हुन नपरोस भन्दै राजपुर गाउँपालिकाले शिक्षा आर्जनलाई प्रमुखमा राखेर काम बढाएको छ। पछिल्लो समय पालिकाले शिक्षा क्षेत्रमा प्रमुख लगानी गरिरहेको छ। अबका प्रत्यक पिढिलाई शिक्षित बनाउँदै दुर्गम बस्तीहरुको मुहार फेर्न तत्पर छ राजपुर गाउँपालिका। पालिकाले गरिबीका कारण शिक्षाबाट वञ्चित हुनुपर्ने समस्यालाई अन्त्य गर्दै 'निशुल्क शिक्षा' लागू गरिसकेको छ। छात्राहरुको महिनावारी समस्यालाई हल गर्न पालिकाले प्रत्यक विद्यालयहरुमा निःशुल्क प्याड र मेसिनहरु पनि उपलब्ध गराई सकेको छ। यति मात्र होइन, विद्यार्थीलाई किताब बोक्ने ब्यागपनि वितरण गरेको छ।

**प्रत्यक विद्यार्थीलाई स्कुल ब्याग**

विद्यार्थीको पढाइप्रति रुची अभिवृद्धि गर्न नाकाका विद्यार्थीहरुलाई स्कुल ब्याग वितरण गरिएको छ। छायाँ नेपालको सहयोग र राजपुर गाउँपालिकाको आयोजनामा स्कुल ब्याग वितरण गरिएको हो।

राजपुर गाउँपालिका वडा नम्बर ७ भौवानाका स्थित शिवशक्ति माध्यमिक विद्यालयमा अध्ययनरत २ सय ३७ जना विद्यार्थीलाई ब्याग सहयोग गरिएको छायाँ नेपालकि सहायक कार्यकारी प्रमुख प्रियङ्का खातुनले बताइन्।

बिकट बस्तीको अवस्था दयनीय छ। आर्थिक स्थिति कमजोरीले ब्यागसमेत खरिद गर्न मुस्किल पर्छ। जसले गर्दा विद्यार्थीको पढाइप्रतिको रुची खस्किँदो छ। आर्थिक अवस्था कमजोरीकै कारण विद्यार्थीहरु पढाइबाट बञ्चित हुन नपरोस भन्दै प्रत्यक विद्यार्थीलाई ब्याग वितरण गरिएको राजपुर गाउँपालिकाकी उपाध्यक्ष धनपती देवी यादवले बताइन्। 'सबैले पढ्न पाउने अधिकार छ, गर्नुपर्ने धेरै बाँकी छ' उपाध्यक्ष यादबले भनिन्। 'लगनसील भएर अध्ययन गर्नुस्, शिक्षाबाट कोही वञ्चित हुन पर्नेछैन।' वितरण गरिएको ब्यागले विद्यार्थीको पढाइप्रति थप हौसला मिलेको शिवशक्ति मावि भौवानाकामा अध्ययनरत विद्यार्थी सुरक्षा झाँक्री मगरले बताइन्।

हातमा किताब कापी बोकेर हिँड्दा निकै सास्ती हुने सुरक्षा बताउछिन्। अब त्यो समस्या भने हटेको छ। कहिले किताब कापी च्यातिने कहिले हराउने डर हुन्थ्यो। ब्याग किन्न नसक्नु गरिबीको एउटा बिडम्बना हो। यिनै याबत कारणले पनि आफ्नो धेरै साथीहरुले पढाइ छाडेको सुरक्षाले सम्झिइन्। 'अभावले पढाइप्रतिको रुची घट्नु स्वभाविक हो, पालिकाको यस्तो कार्यले हौसला मिलेको छ' सुरक्षाले भनिन्।

आर्थिक अवस्थाले पिल्सिएर बिचमै पढाइ छोड्नुपर्ने बाध्यता नौलो त हैन। तर यिनै समस्यालाई निर्मुल पार्न पालिका लागि परेको छ। पछिल्लो समय विद्यार्थीको हौसलासँगै उत्कृष्ट नतिजा र विद्यालय प्रशासनलाई पनि उल्लेख्य सहयोग मिलेको शिवशक्ति मावि भौवानाकाका प्रधानाध्यापक लिलाधर बिकले बताए। पालिकाको साथ र समर्थन पाइराखे विद्यार्थीले उत्कृष्ट नतिजा ल्याउने कुरामा दुईमत नरहेको बताए। राजपुर गाउँपालिका, नेविसंघका पूर्व केन्द्रीय उपाध्यक्ष पवन यादव, नेपाली कांग्रेस क्षेत्र नम्बर १ प्रदेश (ख) का सचिव लालवीर खड्काको पहल र छायाँ नेपालको सहयोगमा विद्यार्थीको पढाइलाई थप सहजता प्रदान गर्न ब्याग वितरण गरिएको हो। संस्थाले देशैभर २४ वटा विद्यालय भवन, १० वटा स्वास्थ्य चौकी भवन निर्माण गरिसकेको छायाँ नेपालका कार्यकारी व्यवस्थापन अधिकृत अमित थापाले जानकारी दिए। साथै छायाँ नेपालले महिला शसक्तिकरण, शिक्षा, युवा बालबालिका लगायतका क्षेत्रमा काम गर्दै आइरहेको छ।


## UAE मा PSBD SECURITY GUARD हरुलाई रोजगार

कम्पनी : Spark Security Services Sole Proprietorship LLC

पुनः विज्ञापन। पूर्व स्वीकृती मितिः २०७८/०८/०६ चलानी नं. ६०१६८३६७ LT No. : 251571

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Security Guard | 40 | 5 | काममा दक्ष | 2000 | ७०,४११।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |

SLC पास, उचाईः पुरुष ५ फिट ७ ईन्च र महिला ५ फिट भन्दा माथि भएको हुनुपर्नेछ।

Basic Salary AED 2000 भएता पनि अनिवार्य OT सहित AED 2770 हुनेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०७९ असोज १५ गते (1 Oct, 2022) यस प्रा. लि. कार्यालय सिनामंगल काठमाडौमा हुनेछ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.** श्रम ईजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८,
मो. नं. ९८२३५११११०६, ९८१८०६००५७, ९८१८५१०५३३



## जापानमा रोजगारको अवसर

१. कम्पनी: FUTAGO COOPERATIVE SOCIETY शहर: KUNOTSUBO HIGASHIMACHI, AICHI
पूर्व स्वीकृत मितिः २०७९/०६/०७ चलानी नं.: ६०१८८२४५ LT. No.: 272469

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction | 2 | 0 | स. काममा दक्ष | 163500 | १,४७,९६७ | क.नि. अनुसार | ७ घण्टा ५० मिनेट | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

२. कम्पनी: FUTAGO COOPERATIVE SOCIETY शहर: Japan, kunotsubo higashimachi
पूर्व स्वीकृत मितिः २०७९/०६/०७ चलानी नं.: ६०१८८२४४ LT. No.: 272470

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction | 2 | 0 | स. काममा दक्ष | 158200 | १,४३,१७१ | क.नि. अनुसार | ७ घण्टा ५० मिनेट | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

३. कम्पनी: FUTAGO COOPERATIVE SOCIETY शहर: Japan, kunotsubo higashimachi
पूर्व स्वीकृत मितिः २०७९/०६/०७ चलानी नं.: ६०१८८२४३ LT. No.: 272471

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Precast Concrete Manufacturing | 2 | 0 | स. काममा दक्ष | 165600 | १,४९,८६८ | क.नि. अनुसार | ७ घण्टा ५० मिनेट | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

४. कम्पनी: FUTAGO COOPERATIVE SOCIETY शहर: Japan, kunotsubo higashimachi
पूर्व स्वीकृत मितिः २०७९/०६/०७ चलानी नं.: ६०१८८२४२ LT. No.: 272472

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction | 2 | 0 | स. काममा दक्ष | 157600 | १,४२,६२८ | क.नि. अनुसार | ७ घण्टा ५० मिनेट | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.४०,०००/- |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०७९ असोज १५ गते (01 Oct. 2022) गते हुनेछ।

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि।

१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय र होटेल क्राउन इम्पेरियल, रविभवन, काठमाडौ। यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र
२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च : ४०,०००।- मात्र
३) प्रशिक्षार्थी छनौट मिति र स्थान अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०७९ असोज १५ गते (01 Oct. 2022) गते हुनेछ।

नोट : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्।
५) अनिवार्य रुपमा विमा गराउनुहोस्।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसँग राख्नुहोस्।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस्।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

नोटः जापानिज भाषा जानेकोलाई प्राथमिकता दिइने छ।

**SUBASH VIJAY ASSOCIATES PVT. LTD.**
License No.: 294/058/059
Tokha , Dhapasi Horizon Height, Kathmandu | Tel. No.: 01-4987366
Mobile: 9828797580, 9801236544 | Email: svapltd2077@gmail.com



## STAFF WANTED

One of the reputed conpany 'Sun And Company International Pvt. Ltd.' is seeking for following applicants.



- Managing Director
- Office Secretary
- Accountant
- Documentation Officer
- Labor Representative
- Receptionist

*Attractive salary to the deserving candidates.*
*Priority will be given to those candidates who can join us immediately.*

We do fair and transparent screening . Candidates we are eligible with the above qualities can drop their CV at
**activeinter74@gmail.com**

**Sun And Company International Pvt. Ltd.**
Tokha-05, Basundhara, Kathmandu



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**
प्रकाशित मितिः २०७९/०६/०८

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री BRIDGE SKY INTERNATIONAL PVT. LTD. (ई.प.नं. ५७३/०६२/०६३) ले आफ्नो कार्यालयको साविक ठेगाना **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ०९ काठमाडौं** लाई परिवर्तन गरी ठेगाना **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १० काठमाडौं** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।



## मलेसियामा रोजगार

कम्पनी: QL POULTRY FARMS SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति:२०७९/०३/१९ चलानी नं.: ६०१८२२९० LT. No.: 266298 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Poultry Worker | 76 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १५ गते (1 October 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**A.N.S. ASSOCIATES PVT. LTD.**
**ए.एन.एस.एशोशिएट्स प्रा. लि.**
Govt. Lic. no.: 473/060/61
Boudha, Mahankal-06, Kathmandu, Nepal | Phone No. 01-5918472, 01-5918424
Mobile :9851089179/9812735209 E-mail : anspasang8125@gmail.com | Website : www.ansassociates.com.np



## साउदी र मलेशियामा रोजगार

कम्पनी : AL SHARQIAH TOWER CONTRACTING EST शहर: Saudi Arabia,Dammam
पुर्व स्वीकृत मितिः २०७९/०६/०६ चलानी नं.: ६०१८८२०४ LT. No.: 272430

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Labor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Ordinary Labor | 1 | 0 | | 1000 | ३४,३१० | | | | | | | |
| 3. | Window Cleaner | 1 | 0 | | 1000 | ३४,३१० | | | | | | | |

२. कम्पनी : WEST OCEAN TRADING COMPANY शहर: RIYADH
पुर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.: ६०१८३२६१ LT. No.: 267358 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : NI Hsin Corporation SB शहर: Malaysia,Jalan
पुर्व स्वीकृत मितिः २०७९/०६/०७ चलानी नं.: ६०१८८२१६ LT. No.: 272521

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 96 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १५ गते (1 October 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | मलेशियाको नि:शुल्क साउदीको रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**A.S. International Group Pvt. ltd.**
Gov. lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381
Email: asintldemand@gmail.com



## जापानमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : MEDICAL CARE NETWORK COOPERATIVE शहर : JAPAN
पूर्व स्वीकृत मितिः २०७९/०२/१३ चलानी नं.: ६०१७९९१८ LT. No.: 263238 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Maintenance | 0 | 1 | स. काममा दक्ष | 167500 | १६३,१४५ | क.नि अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००।- |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १५ गते (1 October 2022) मा हुनेछ।

प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १९ वर्ष पुरा भई २५ वर्ष ननाघेको अविवाहित हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि।

दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति :
स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ६ दिन भित्र (२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कुल खर्च : जम्मा रु १०,०००।- मात्र

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :
(१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्। (२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। (३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्। (४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्। (५) अनिवार्य रुपमा विमा गराउनुहोस्। (६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता मा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसँग राख्नुहोस्। (७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ। (८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस्। (९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। (१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। (११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

**अरोरा ह्युमेन रिसोर्स प्रा. लि.**
श्रम इजाजत नं. ७३६/०६४/०६५
कुपण्डोल-१०, ललितपुर, फोन: ०१-५२६१०६३, ५२६०८१०, फ्याक्स: ०१-५१६१०५९
E-mail: aurorashrpl@gmail.com, Web.: www.auroranepal.com | Mobile: 985-1139971, 9851008157

जापानमा रोजगार शिर्षकको चलानी नं.: ६०१७९९१८ र No.: 263238 भएको विज्ञापन मिति २०७९/०६/०७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित हुनपर्नेमा प्राविधिक कारणले प्रकाशित नभएको हुनाले यस विज्ञापनलाई मिति २०७९/०६/०८ गते प्रकाशित गरिएको छ।



## मलेसियामा रोजगारको अवसर

कम्पनी: WSL HR SERVICES SDN. BHD. हर: Malaysia,SEREMBAN
पूर्व स्वीकृत मितिः २०७९/०३/०९ चलानी नं.: ६०१८१५६७ L.T. No.: 265482 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 14 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १५ गते (1 October 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**एडभेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नः ०१-५३८२५९०



## मलेसियामा रोजगारको अवसर

कम्पनी: PROMASTER TEAM SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०६/०७ चलानी नं.: ६०१८८२१९ L.T. No.: 272515

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 32 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १५ गते (1 October 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Al Raas Recruitment Services Pvt. Ltd.**
Gov. Lic No. 1140/073/074
Sukedhara-4, Kathmandu, Nepal Tel : 01-4375437
Email : alraasreception@gmail.com, alraasrecruitment@gmail.com



## साउदीमा रोजगार

कम्पनी: ARAB ENERGY SYSTEMS CORPORATION FOR GENERAL CONTRACTING शहर: Saudi Arabia,Dammam
पूर्व स्वीकृत मितिः २०७८/०८/०७ चलानी नं.: ६०१६९८२५ L.T. No.:251518 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३४,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १५ गते (1 October 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
कालिमाटीडोल, एयरपोर्टको नजिक, काठमाडौं, नेपाल फोन नं. ४४७६११४, ४४७६११७
Mobile : 9801030555, 9843276628
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

# कर्मैया खानेपानीको १५ औं वार्षिक साधारणसभा सम्पन्न

**मधेश प्रदेश डायरी**
एस.पी.गौरब/मध्यान्ह

सर्लाहीको बागमती नगरपालिका ११ मा रहेको कर्मैया खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको १५ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । संस्थाले आफ्नो १५ औं वार्षिक साधारण सभामा आर्थिक वर्ष २०७८/०७९ मा रु १ करोड ९१ लाख ३८ हजार ५ सय ६० बराबरको आयव्यय प्रस्तुत गरिएको थियो । संस्थाले आर्थिक वर्ष २०७९/०८० को अनुमानित आयव्यय रु २ करोड १४ लाख ३० हजार ६० बराबरको आयव्यय संस्थाको १५ औं वार्षिक साधारण सभामा प्रस्तुत भएको थियो ।

संस्थाको १५ औं वार्षिक साधारण सभामा आर्थिक वर्ष ०७५/०७६ देखि आर्थिक वर्ष ०७८/०७९ सम्मको वार्षिक लेखापरीक्षण प्रतिवेदन, अनुमानित आयव्यय विवरण, के.पी.आई विवरण तथा पानी परीक्षण रिपोर्ट समेतको विवरण प्रतिवेदन र आर्थिक वर्ष ०७९/०८० को लागि प्रस्तावित नीति र कार्यक्रम प्रस्तुत गरिएको संस्थाका सदस्य भिमसेन थापाले जानकारी दिए ।

बागमती नगरपालिकाको पुरानो वडा नम्बर १ देखि ९ सम्मका करिब २ हजार ८ सय उपभोक्ताहरुलाई शुद्ध पिउने पानी वितरण गरिरहेको संस्थाले जनाएको छ । नयाँ सञ्चालक समिति समेत चयन गर्ने संस्थाले जनाएको छ ।

बागमती नगरपालिका ११ मा रहेको कर्मैया खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको १५ औं वार्षिक साधारण सभा संस्थाका अध्यक्ष रिपुमर्दन आलेमगरको अध्यक्षता तथा बागमती नगरपालिकाका नगर प्रमुख भरत कुमार थापाको प्रमुख आतिथ्यतामा वार्षिक साधारण सभा सम्पन्न भएको हो । साधारण सभामा नगरका विभिन्न जनप्रतिनिधिहरुका साथै संस्थाका कर्माचारीहरु र उपभोक्ताहरुको विशेष उपस्थिति रहेको थियो ।

# सञ्चारकर्मी पटेलमाथि अस्पतालका सञ्चालकद्वारा दुर्व्यवहार




रौतहटको चन्द्रपुर नगरपालिका ७ मा रहेको चन्द्रपुर अस्पताल प्रा.लि.का सञ्चालकले पत्रकारमाथि दुर्व्यवहार गरेका छन् । चन्द्रपुर नगरपालिका ७ मा रहेको सो अस्पतालका सञ्चालक डा. सुभाष चौधरीले जिल्लाका क्रियाशील पत्रकार रुपेन्द्र पटेलमाथि दुर्व्यवहार गरेका हुन् ।

गत भदौ २० गते चन्द्रपुर नगरपालिका ७ का रुपलाल माझीका १० वर्षीय छोरा दिपेश माझीलाई सामान्य ज्वरो आएर उपचारका लागि चन्द्रपुर अस्पतालमा लगिएको थियो । तर उपचारको क्रममा बालकको मृत्यु भएको थियो । सोही विषयमा पीडित पक्षले चिकित्सकको लापरबाहीले बालकको मृत्यु भएको भन्दै अस्पताल तोडफोड गरेका थिए। अस्पताल तोडफोड गरेको समाचार सम्प्रेषण गरिएको विषयलाई लिएर अस्पतालका संचालकसमेत रहेका डा. चौधरीले पत्रकार पटेलमाथि दुर्व्यवहार गरेका हुन् ।

समाचार सम्प्रेषणको विषयलाई लिएर स्थानीय एक सञ्चारकर्मीको मिलेमतोमा डा. चौधरीले अपहरण शैलीमा आफूलाई अस्पतालभित्र लगेर डर, धाक, धम्की र त्रास देखाएर माफी मगाउने र त्यसको भिडियोसमेत बनाउने कार्य गरेको पत्रकार पटेलले मध्यान्हलाई बताए ।

समाचारमा चित्त नबुझे प्रेस काउन्सिल नेपालमा उजुरी गर्न पाइने कानूनी व्यवस्था हुँदाहुँदै कानून विपरीत पत्रकार पटेललाई दुर्व्यवहार गरेपछि सञ्चारकर्मीहरुका संघ, संगठन र नेपाल पत्रकार महासंघले समेत घोर भत्सना गरेको छ ।

उक्त समाचारमा डा. चौधरीको प्रतिक्रिया समेत समेटिएको भएपनि उनले गुण्डागर्दी र अपहरण शैलीमा पत्रकार पटेललाई अस्पतालमा ल्याएर गरेको दुर्व्यवहारप्रति कडा आपति जनाउँदै नेपाल पत्रकार महासंघ रौतहटले उनको मेडिकल काउन्सिल दर्ता खारेज गर्न माग समेत गरेको छ ।

पत्रकार पटेललाई विभिन्न बहानामा अस्पताल लैजाने एक स्थानीय सञ्चार उद्यमी पनि प्रेस स्वतन्त्रता विरोधी गतिविधिमा लागेकाले छानविन गर्न महासंघ रौतहटले विज्ञप्तिमार्फत माग गरेको महासंघ रौतहट शाखाका अध्यक्ष प्रेमचन्द्र झाले मध्यान्हलाई बताए । अध्यक्ष झाका अनुसार पत्रकार पटेलले आफू चन्द्रनिगाहपुरमा आफ्नै काममा रहेको समयमा बुधबार दिउँसो करिब साढे १२ बजे चन्द्रपुर नगर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष तथा स्थानीय सञ्चार उद्यमीले फोन गरेर आफूलाई पसलमा बोलाएका थिए । त्यसपछि एक ठाउँमा जाउँ एकै छिनमा फर्किने हो भनेर आफ्नै मोटरसाईकलमा राखेर चन्द्रपुर हस्पिटलमा लगेर हात समाती तानेर भित्र लगेपछि चन्द्रपुर अस्पतालका सञ्चालक डा. चौधरीले फार्मेसी पछाडि रहेको एउटा कोठामा आफ्ना कर्माचारीहरुको बीचमा क्यामरा मगाएर भिडियो बनाउँदै भदौ २० गतेको समाचार कसको बहकाउमा आएर लेखिस् ? नाम भन नत्र तँलाई ३ वर्षको लागि जेल चलान गर्न कुनै कसर बाँकी राख्ने छैन भन्दै धम्की दिएको पीडित पत्रकार पटेलले जानकारी दिए ।

'भदौ २० गते समाचार लेखेको गलत हो । मैले कसैको बहकाउमा आएर सो समाचार लेखेको हुँ त्यसको लागि म चन्द्रपुर हस्पिटल प्रा.लि र डा. चौधरीसँग क्षमा चाहन्छु भनी जबरजस्ती बोल्न लगाए', पत्रकार पटेलले भने, ' नबोलेमा ३ वर्ष जेल र ३० हजार जरिवाना हुने त्रास देखाउँदै मलाई अभद्र व्यवहार गरे ।'

यता, चन्द्रपुर अस्पतालका सञ्चालक डा.चौधरीले पत्रकार पटेलसँग सामान्य भलाकुसारी भएको बताएका छन् । उनले बाहिर आएजस्तो केही नभएको प्रतिक्रिया दिए ।

भदौ २० गते सोमबार बिहान करिब साढे ५ बजेको समयमा चन्द्रपुर नगरपालिका ७ का रुपलाल माझीका १० वर्षीय छोरा दिपेश माझीलाई सामान्य ज्वरो आएर उपचारका लागि चन्द्रपुर अस्पताल लगेको र डाक्टरहरुकै लापरबाहीका कारण दिपेश माझीको ज्यान गएको स्थानीयहरु बताउँछन् ।

चन्द्रपुर नगरपालिका ७ का वडाअध्यक्ष विष्णुप्रसाद उप्रेतीले भने, 'सामान्य ज्वरो आएको बच्चालाई उपचारको क्रममा मृत्यु भएपछि डाक्टरको लापरबाहीले ज्यान गयो भन्दा अस्पतालका सञ्चालक डा. चौधरीले के को लापरबाही कानूनमा जानुस् भनेर पठाएका थिए ।' डा. चौधरीले आफूलाई कानून नलाग्ने बताएका थिए । चन्द्रपुर अस्पताल प्रा.लि.को लापरबाहीका कारण कैयौं बिरामीले ज्यान गुमाइसकेको अवस्था छ । नियमनकारी निकायले कारबाही नगर्दा यस्ता घटना बारम्बार हुँदै आएका छन् । डा. चौधरीले सो अस्पतालमा सिकारु डाक्टरलाई राखेर अस्पताल सञ्चालन गर्दै आएको स्थानीयहरु बताउँछन् । डा.चौधरीले उपचार सेवालाई पैसा असुल्ने धन्दा बनाएको स्थानीयहरुको आरोप छ ।

चन्द्रपुर अस्पतालमा रिङ्गटा लाग्ने, टाउको दुख्ने, वाकवाकी हुने जस्ता सामान्य बिरामी आउने बित्तिकै सिटिस्क्यान गरेर पैसा असुल्ने गरेको एक स्थानीयले बताए । सो अस्पतालमा सुत्केरी हुन आउने अधिकांश महिलालाई शल्यक्रिया गरेर बच्चा निकाल्ने गरेको स्थानीयको भनाइ छ ।

भदौ २० गते उपचारको क्रममा मृत्यु भएका दिपेशको घटनामा सत्यतथ्य छानविन गरेर दोषी चिकित्सकलाई कारबाही गर्न स्थानीयहरुले माग गरेका छन् । बिरामीका आफन्तहरुले बालकको उपचारमा लापरबाही गरेका चिकित्सकलाई कडा कारबाही हुनुपर्ने माग गरेका छन् ।

## नेपाल सरकार
## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
